"सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोवारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित
सहकारिता SAHAKARITA
द्वैमासिक

वर्ष ८ अंक २१, श्रावण-भाद्र, २०७७ | www.ncbl.coop | July 16-September 16

# राष्ट्रिय सहकारी बैंकको वार्षिक समीक्षा कार्यक्रम
# १ अर्ब ७ करोड मुनाफा गर्ने लक्ष्य


ललितपुर,

राष्ट्रिय सहकारी बैंक लिमिटेडको वार्षिक समिक्षा तथा आगामी योजना सम्बन्धी २ दिने समिक्षा बैठक भदौ ३ र ४ गते सम्पन्न भएको छ । दुई दिन सम्म सञ्चालित भर्चुअल वार्षिक समिक्षा बैठकले आर्थिक वर्ष २०७६/०७७ को वार्षिक समिक्षा गर्नुका साथै चालु आर्थिक वर्षका योजना तथा बजेट निर्माण गरेको छ । बैंकले चालु आर्थिक वर्ष २०७७/०७८ को अन्त्यसम्म १४ हजार ५ शेयर सदस्य, २ अर्ब ५० करोड शेयर पूँजि, ६० अर्ब निक्षेप, ४२ अर्ब कर्जा लगानी गरी १ अर्ब ७ करोड मुनाफा आर्जन गर्न लक्ष्य लिएको छ ।

आर्थिक वर्ष २०७६/०७७ का लागि प्रस्तावित योजना पूर्ण रुपमा कार्यान्वयन गर्दै बैंकमा १२ हजार भन्दा बढी शेयर सदस्य २ अर्ब २२ करोड शेयर पुँजि, ४७ अर्ब निक्षेप, २७ अर्ब कर्जा लगानी ८४ करोड मुनाफा आर्जन गर्न सफल भएको थियो । समिक्षा वैठकबाट चालु आर्थिक वर्षको लक्ष्य पुरा गर्नका लागि शाखाहरुलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्ने लगायतका विषयमा योजना निर्माण भएको बैंकका अध्यक्ष के.बी. उप्रेतीले जानकारी दिनुभयो ।

*बाँकि पेज नं. ११ मा......*

# सहकारी बैंकको पोखरा शाखा उपत्यका बाहिरको उत्कृष्ट



पोखरा,

राष्ट्रिय सहकारी बैंक लिमिटेडको पोखरा शाखाले उपत्यका बाहिरका शाखाहरु मध्ये सबै भन्दा बढी नाफा आर्जन गर्न सफल भएको छ । आर्थिक वर्ष २०७६/०७७ को कारोबार अन्तर्गत पोखरा शाखाले उपत्यका बाहिरका शाखाहरु मध्ये सबै भन्दा धेरै मुनाफा आर्जन गरेको हो । शाखाले आर्थिक वर्ष २०७६/०७७ मा ४ करोड ३५ लाख ३ हजार ७ सय ११ रुपैया मुनाफा आर्जन गरेको छ । राष्ट्रिय सहकारी बैंक पोखरा शाखाले साउन २३ गते आयोजना गरेको वार्षिक समिक्षा वैठकमा शाखा प्रमुख सन्तोष घिमिरेले आउट अफ भ्यालीका शाखा मध्ये पोखरा शाखाले सबै भन्दाबढी मुनाफा आर्जन गरेको जानकारी गराउनु भएको हो ।

*बाँकि पेज नं. १० मा......*

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

**सल्लाहकार**

के.बी. उप्रेती

लक्ष्मी प्रसाद उप्रेती

बद्री कुमार गुरागाईं

**सूचना, सञ्चार तथा प्रकाशन उप-समितिः**

**संयोजक**

माधवलाल देवकोटा

**सदस्यहरू**

राम बहादुर जि.सी., शिवा थापा, गम्भीर लाल श्रेष्ठ, डिल्ली प्रसाद पोखरेल, आर. एस. तिमल्सिना

**सदस्य सचिव**

नविन कुमार कार्की

**प्रधान सम्पादक**

राम बहादुर जि.सी.

**सहयोगी**

बिबेक खड्का

**ठेगाना**

राष्ट्रिय सहकारी बैंक लिमिटेड

कर्पोरेट कार्यालय, कुपण्डोल, ललितपुर

फोन नं : ०१-५१८०१८२

फ्याक्सः +९७७-०१-५५५५६८७

E-mail: publication@ncbl.coop

ncbl@ncbl.coop

Website: www.ncbl.coop

## सम्पादकीय

### संक्रमणबीचको पर्व : सचेत रहौं, सचेत बनाऔं

पर्व याम, अर्थात् विविधतायुक्त नेपाली समाजले असार १५ मा मुख्य अन्नबाली उत्पादन थालनीको उल्लास साटेपछि लगागत विभिन्न पर्व, जात्रा तथा उत्सवहरु शुरु हुन्छन् । तर, बिडम्बना छ कि, यस वर्ष नेपालीको थाप्लोमा पर्वको उल्लास हैन, महामारीको सन्त्रस सवार छ ।

चैत ११ देखि जारी भएको तीन महिने लकडाउन र त्यसपछि भदौ महिनाको शुरुवातदेखि निषेधित तथा नियन्त्रित गतिविधिका कारण मुलुकको अर्थतन्त्र निराशलाग्दो स्थितिमा पुगेको छ । कोभिडको महामारीले नेपालमात्र हैन, विश्व नै आक्रान्त छ । विकसित राष्ट्रका आर्थिक स्थिति र नेपालजस्तो विकाशील राष्ट्रको आर्थिक स्थितिमा यो तहको प्रभाव पर्नु निक्कै कष्टकर विषय हो । र, हामी यस्तो कष्टका बीचमा ठूला-ठूला पर्व, उल्लास र उमंगलाई साट्ने स्थितिमा छौं ।

साउन महिनाका विविध धार्मिक पर्व, हरितालिका तिज, मुस्लिम समुदायका महान पर्वहरु, हिन्दू तथा वहुसंख्यक नेपालीले साझा उल्लासका साथ मनाउने दशैं, तिहार, छठ तथा तामाङ समुदायको ल्होसार पर्वसम्म यही आर्थिक दूरावस्थाका बीच मनाउनुपर्ने स्थिति छ । यस्तो बेलामा बजार अर्थतन्त्र खस्किएको छ । उत्पादक, विक्रेता, उपभोक्तसँगै उद्योग तथा कलकारखाना आश्रित मजदुरसमेत आर्थिक मारमा परेको अवस्था छ । यस्तो स्थितिमा हामीले तडकभडकपूर्ण पर्व मनाउने कुरालाई स्थगित गर्नु र बढ्दो कोभिड- १९ को महामारीलाई सचेत भएर फैलिन नदिने कुरालाई सबभन्दा बढी ध्यान दिनु जरुरी हुन्छ ।

नेपालका विविध उत्पादनमूलक क्षेत्रको सबभन्दा बढी कारोबार हुने समय दशैं-तिहारलाई मानिन्छ । कृषिजन्य, पशुपालन, लत्ताकपडा सहितका उत्पादनमूलक क्षेत्रले यस वर्ष पर्याप्त उत्पादन गर्न नसकेको, उत्पादन भए पनि वितरण प्रणाली सुचारु नभएको र उपभोक्ताको उपभोग्य क्षमता हुँदाहुँदै पनि आर्थिक क्षमतामा ह्रास आएको छ । यसर्थ, यो वर्ष हामीले सबै चाड, पर्व, उत्सव तथा उल्लासका परम्पराहरुलाई औपचारिकतामा सिमित गर्नुको विकल्प छैन । एक ठाउँबाट अर्को ठाउँमा आवात-जावत गर्ने कुरा झन् बढी जोखिमपूर्ण बनिरहेको छ । के परिचित, के अपरिचित- मानिसले मानिससँग बोल्नु वा व्यवहार गर्नुपर्ने कुरामा पनि ख्याल गर्नुपर्ने स्थितिको संक्रमण फैलिएको छ । यस्तो संक्रामक रोग फैलिएको अवस्थामा आमनागरिक आफैं सचेत हुनु पहिलो शर्त हो । यदि हामी सचेत नहुने हो भने देशले उच्च संक्रमण व्यहोर्न सक्दैन । महामारीले उच्च रुप लिंदा त्यसको पञ्जामा जो-कोही पनि पर्ने स्थिति आउँछ । विशेषतः भिडभाड हुने ठाउँमा नजाने, मानिससँग बोल्दा सघन श्वास सम्पर्कबाट पर रहने, सरसफाइयुक्त खाद्य पदार्थ सेवन गर्ने, आफ्नो हातमात्रै हैन, दिनेको हात पनि सफा छ कि छैन भनेर ख्याल गर्नुपर्नेजस्ता अति नै जटिल सचेतता अपनाउनुपर्ने समयमा आएको पर्व पक्कै पनि पहिला-पहिलाको जस्तो उल्लासमय हुँदैन । त्यस्तो बनाउनु पनि हुँदैन । विश्व स्वास्थ्य संगठन र नेपाल सरकारद्वारा जारी गरिएको स्वास्थ्य सम्बन्धी नियमहरुको पालना गर्ने भनेको हामीले आफ्नै स्वास्थ्यको सुरक्षाका लागि हो भन्ने चेतना आमतहका मानिसबीच पुग्न सकेको छैन । पढेलेखेका, सचेत मानिसहरुले ती आमतहका मानिसमा यस्तो चेतना दिनुपर्छ । पर्वका आशिष भन्दा ती चेतनाको महत्व बढी हुने अवस्था अहिले छ । यस्तो जटिल परिस्थितिमा हामीले मनाइरहेको र मनाउने तयारी गरिरहेका बाँकी पर्वहरु सचेततापूर्वक मनाउन, सिमित दायराभित्र उत्साह र उमंग साटासाट गर्न हार्दिक अनुरोध गर्दै यहाँहरु सबैमा विभिन्न पर्वहरुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अन्तर्वार्ता

# चुनौतिसँगै सम्भावना पनि उत्तिकै छन्



ऋषिराम चापागाईं, अध्यक्ष
अन्नपूर्ण दुग्ध उत्पादक सहकारी संस्था लि.
भरतपुर- ६, केशरबाग चितवन

मुलुक विश्वव्यापी कोरोना महामारीको संकटमा गुज्रिएको छ । बन्दाबन्दीको पहिलो चरण केही खुकुलो भएलगत्तै दोस्रो चरणको बन्दाबन्दी व्यहोर्नु पर्‍यो । देशका कुनै पनि जिल्ला यो महामारीबाट जोगिएको छैन । उद्योगधन्दा कलकारखाना बन्दप्रायः छन् । व्यापार अर्थतन्त्र लगभग ध्वस्तप्रायः भइसकेको यो अवस्थामा कृषि उत्पादनमा आधारित अर्थतन्त्रसमेत भण्डारण र बजार अभावमा थला परेका छन् । जसोतसो चलेका उद्योगसमेत सञ्चालन खर्चसमेत धान्न नसक्ने अवस्थामा छन् । यस परिप्रेक्षमा दुग्ध सहकारी क्षेत्रमा परेको असरबारे अन्नपूर्ण दुग्ध उत्पादक सहकारी संस्था लि. केशरबागका अध्यक्ष ऋषिराम चापागाईंसँग गरेको कुराकानी :

**यो संस्थाको स्थापना र उद्देश्यबारे केही बताइदिनुस् न !**

- अन्नपूर्ण दुग्ध उत्पादक सहकारी संस्था लि भरतपुर ६ केशरबाग चितवनको अध्यक्षको हैसियतले यस संस्थाको मुख्य उद्देश्य भन्नु नै अन्तर्राष्ट्रिय तथा राष्ट्रिय रूपमा परिभाषित तथा पारित सिद्धान्त र उद्देश्य नै हुन् । मूलभूत रूपमा सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण, स्वैच्छिक तथा खुला सदस्यता, सदस्यहरूको आर्थिक सहभागिता, स्वायत्तता तथा स्वतन्त्रता, सहकारीबीच सहयोग, समुदायप्रति चासोसँगै शिक्षा, तालिम र सूचना सिद्धान्तहरूमा आधारित रहेर प्रारम्भिक संस्थाको रूपमा यस संस्थाको सदस्यहरूको आर्थिक, सामाजिक, साँस्कृतिक तथा शैक्षिक विकासका लागि संस्थामा संलग्न सदस्यहरूले उत्पादन गर्ने दूध, पशु दाना बनाउन प्रयोग हुने अन्नका उप-उत्पादन चोकर, ढुटो, पिना, मकै, गहुँ आदि खरिद गरिदिने र दुग्धजन्य, पशु आहारजन्य उद्योगहरू यसै संस्थाद्वारा स्थापना गर्दै एकाधिकार बजार, व्यापारिक शोषणलाई अन्त्य गर्ने, उन्नत पशुपालन, उन्नत पशुआहार व्यवस्थापन कृषि तथा पशु औषधि र उपचारसँगै कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायीकरण गर्दै आत्मनिर्भर अर्थतन्त्रको विकास गरी राष्ट्रको गार्हस्थ उत्पादनमा सघाउ पुर्‍याउने उद्देश्य रहेका छन् । सदस्यहरूलाई संस्थाद्वारा सञ्चालित बचतबाट उन्नत पशुपालन व्यवसायलाई व्यवसायीकरण गर्न उन्नत जातका गाई, भैंसी खरिद, आधुनिक गोठ निर्माण गर्न तथा विभिन्न कृषि तथा पशुपालन प्रविधिका लागि ऋण प्रवाह गर्ने, संस्थाले दुग्धजन्य पदार्थ, पशुआहार, पशुऔषधि, कृषि सामग्री उत्पादन, संकलन, प्रशोधन र बजारीकरण गर्ने उद्देश्य छन् ।

**के-कस्ता कार्यक्रम सञ्चालन भइरहेका छन् ?**

- २०४१ सालबाट दूध संकलन केन्द्र, दूध उत्पादक समूह हुँदै सहकारी ऐन २०४८ को प्रस्तावना, दफा ५ बमोजिम सहकारी विभागमा **अन्नपूर्ण दुग्ध उत्पादक सहकारी संस्था**को नाममा विनियम बनी दर्ता भई ०७७ सालसम्म आइपुग्दा यस संस्थाले कृषि तथा पशुपालन क्षेत्रमा क्रियाशील हुँदै अगाडि बढेको छ ।

१. दूध संकलन
२. दूध प्रशोधन उद्योग सञ्चालन
३. दूध बजारीकरण
४.पशुदाना उत्पादन र बिक्री

५. बचत तथा ऋण कार्यक्रम सञ्चालन साथै बैंक ऋण व्यवस्थापन
६.पशुबिमा कार्यक्रम सञ्चालन
७.युवा स्वरोजगार कार्यक्रम सञ्चालन
८.पशु आहार, औषधि तथा मलबिउ व्यवस्थापन
९.अन्य सेवा
१०.गाईफर्म सञ्चालन

यो संस्थाले मूलतः आफ्ना करिब ६ सय ५० जना सेयर सदस्य तथा कृषकबाट उत्पादित दूध संकलन गर्ने, आफ्नै अन्नपूर्ण गाई स्रोतकेन्द्र सञ्चालन गरी त्यहाँबाट उन्नत गाईका बाच्छी, गाई उत्पादन गर्दै तिनीहरूबाट दुग्ध आफ्नै संस्थाको संकलन केन्द्रमा ल्याउने उन्नत गाई स्रोतकेन्द्र सञ्चालन गरी यहाँ स्थानीय रोजगारी दिने, देशका विभिन्न प्रदेश, जिल्लामा उन्नत जातका दुधालु गाई खोज्ने कृषकलाई उचित मूल्य लिएर बिक्री गर्ने, पशुनश्ल सुधारका लागि अन्नपूर्ण गाई स्रोतकेन्द्र एवं व्यावसायिक पशुपालक कृषकका फर्मलाई विकास गर्दै लैजाने स्थानीय, प्रादेशिक तथा राष्ट्रिय रूपमा नमुना गाई स्रोत केन्द्रको विकास गरी कृषि तथा पशुपालन व्यवसायका लागि पशुपालन अध्ययन अवलोकन पर्यटन क्षेत्रको विकास गरी नेपाली जागरुक र केही त गरौँ आफ्नै माटोमा, जन्म भूमिमा भन्ने कृषकलाई प्रशिक्षित गर्दै नमुना प्रदर्शन गर्ने संस्थामा संकलित दूधलाई दुग्धजन्य उद्योग स्थापना गरी दुग्धजन्य उत्पादन होमोजिनाइज र पाश्चराइजयुक्त दूध दहीका आधा लिटरका प्याकेट तयार गरी आफ्नै निजी ढुवानीका साधन भाडामा लिई चितवन, गोर्खा, तनहुँ, मकवानपुरको पूर्वी भाग, धादिङको पश्चिमी भाग, पर्वत, लमजुङसम्म बजार विस्तार गरी दुग्धजन्य पदार्थको बजारीकरण गरिएको छ । यसले स्थानीय स्तरमा रोजगारीसँगै उन्नत जातका गाई, भैंसी पालन व्यवसायलाई व्यवसायीकरणमा विकास गर्दै लगेको छ ।संस्थाले आफ्ना कृषकलाई दुधालु गाई, भैंसीका लागि प्रतिघण्टा १ टन क्षमताको दाना उद्योग सञ्चालन गरी अन्नपूर्ण दाना उद्योग सञ्चालन गरिरहेको छ । आफ्ना ६५० भन्दा बढी कृषकलाई १५ दिनका लागि आवश्यक पशुआहार तथा औषधि उधारो उपलब्ध गराउँदै आएको छ । दूधको १५/१५ दिनमा भुक्तानी सन्तुलन मिलाएको छ । करिब ७०५ कृषकलाई आफ्नै सदस्य र ३०५ बाहिरी जिल्लामा बिक्री गर्दै आइरहेको छ । ०७७/७८ बाट भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत पशुपक्षी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडाबाट ५०५ लागत साझेदारीमा (मन्त्रालयबाट १ करोड र संस्थाबाट १ करोड ४६ लाख गरी २ करोड ४६ लाख) पशुआहार उद्योग निर्माण सम्पन्नको नजिक पुगेको उद्योगबाट प्रतिघण्टा ५ टन क्षमताको दाना उद्योग स्थापना गरी सुचारु गर्ने तरखरमा छौं । जसको उत्पादन सुरु भइसकेपछि बागमती प्रदेश एवं नेपालभरि पशुदानाको गुणस्तरीय दाना बिक्री व्यवस्थापन मिलाउने लक्ष्य छ । आन्तरिक खपत ७०५ लाई ३०५ मार बाह्य खपत ३०५ लाई ७०५ मा बदल्ने लक्ष्य छ । त्यससँगै नमुना गाई फर्म आफ्नो संस्थाको जमिनमा निर्माण सम्पन्न भई जसमा भरतपुर महानगरको ५०५ लागत साझेदारीमा (भरतपुर महानगरको ३० लाख र संस्थाको ३० लाख) निर्माण सम्पन्न भई सुरु गर्ने चरण प्रवेश गरेको छ ।

**संस्थाको अध्यक्षसम्मको यात्राबारे केही सुनाइदिनुस् न !**

- सैद्धान्तिक रूपमा अंग्रेजी, अर्थशास्त्र र शैक्षिक व्यवस्थापनको विद्यार्थी छँदै २७ वर्षसम्म अध्ययन/अध्यापन क्षेत्रमा लाग्दै गर्दा ज्ञानात्मक क्षेत्रमा सहकारी के हो भन्ने बुझेको थिएँ । सरकारले अहिले ३ खम्बे नीतिबाट देशलाई समृद्धितर्फ बढाउने भनेको छ । सरकारी, निजी र सहकारी अभियानबाटै आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न सकिन्छ भन्ने नीतिअनुसार मेरो वैचारिक आधारमा पनि सामाजिक रूपमा शोषणमा परिरहेका किसानलाई न्यूनतम रूपमा शोषणमुक्त गराउने साझा उद्देश्य र कार्यमा आफ्नो गच्छेअनुसार सहभागी भई आफ्नो उत्पादनलाई सहकारीमार्फत बजारसम्म लगी रोजगारीको विकास गरी पारिवारिक आवश्यकता पूर्ति गर्ने र गराउने माध्यम स्थानीय स्तरमा प्रारम्भिक सहकारीको महत्वपूर्ण योगदान हुन्छ भन्ने मैले बुझेको कुरा हो । त्यसै भएर जतिबेला म सचेत भएँ ०५०-५२ सालबाट मेरो परिवारबाट गाईपालन सुरु भयो त्यतिखेरबाटै अन्नपूर्ण दुग्ध उत्पादक सहकारीको सेयर सदस्य बन्दै यस सहकारीका विभिन्न साधारण सभा, विचार, अन्तरक्रिया साथै अधिवेशनमा निर्वाचन मण्डलको कहिले संयोजक र कहिले सदस्य बन्दै

निर्वाचित अध्यक्ष सदस्यहरूसँग संस्थागत विकासका लागि एकल तथा बहुछलफल तथा अन्तरक्रियामा सहभागी हुने गर्थे । जब म २७ वर्षे शिक्षण पेसाबाट अवकाश लिए त्यो २७ वर्षमा म विभिन्न सामाजिक, राजनीतिक र पेसागत संघसंगठनको नेतृत्व लिँदै जिल्लास्तरीय शिक्षा समिति, जिल्लास्तरीय परीक्षा बोर्डको सदस्य, पेसागत शिक्षक संगठनको जिल्ला, अञ्चल, प्रदेशको अध्यक्ष हुँदै महासचिव, केन्द्रीय उपाध्यक्ष, केन्द्रीय बालकल्याण समितिको सरकारद्वारा मनोनीत बोर्ड सदस्य हुँदै माध्यमिक तहको १० वर्षसम्म प्रधानाध्यापक हुँदै अन्य सामाजिक, साँस्कृतिक, राजनीतिक जिम्मेवारी पूरा गर्दै आउँदा निवृत्त जीवन बिताउने स्थानीय कृषक दाजुभाइ तथा दिदीबहिनीहरूको चाहना र मेरो इच्छाअनुसार ०७६ कात्तिक ५ गतेबाट अन्नपूर्ण दुग्ध उत्पादक सहकारी संस्थाको एकैचोटि अध्यक्ष बन्न पुगेको छु । अध्यक्षको हैसियतले यस संस्थाको पारदर्शिता, मिलनसारिता, सुशासन, समायोजनकारी भूमिका, सदस्यबीच छरिएर रहेको अनुभव ज्ञान, सीप र क्षमताको केन्द्रीकरण गरी स्थानीय प्रदेशिक संघीय सरकारी तथा गैरसरकारी क्षेत्रको समुचित तालमेल मिलाई यस संस्था एवं सहकारी आन्दोलनलाई मजबुत र विश्वासिलो सँगै भरपर्दो संस्थाको विकास गर्न भरमजदुर प्रतिबद्धता सहित अगाडि बढेको छु ।

**संस्था स्थापनाका उद्देश्य परिवर्तन भएका छन् कि ?**

- संस्था स्थापनाका उद्देश्य परिवर्तन मात्र होइन परिमार्जन र पुनःसमायोजन गर्नुपर्ने देखिएका छन् । संस्थाको इतिहास आज ३७ वर्षमा चलिरहेको छ, जन्मकाल र युवा अवस्था पार गरी किशोरावस्थामा चलिरहेको छ । यो समयमा संस्थाले पञ्चायती व्यवस्था, बहुदलीय व्यवस्था र संघीय गणतान्त्रिक व्यवस्थालाई स्विकार गरिसकेको छ । यो अवस्थामा समयअनुकूल विनियम कार्यक्रम, उद्देश्यहरू संस्था विकासका आयाम, नेतृत्व गर्ने तरिका र नेतृत्वका हैसियत विज्ञान र प्रविधिमा आएको परिवर्तनका कारण बाध्यकारी रूपमा संस्थाको उद्देश्यमा मात्राबाट गुणमा अनि गुणबाट मात्रामा हेर्दा परिवर्तन भइरहेको पाइन्छ ।

**के यो संस्था आफ्नो उद्देश्यमा सफल छ ?**

- मेरो विचारमा संस्था आफ्नो उद्देश्य पूर्ति गर्नमा केही हदसम्म सफल छ । किनकि सहकारीका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरबाट पारित परिभाषित उद्देश्य तथा कार्यक्रम यस संस्थाले निष्ठासाथ पालना गर्दै आफ्नो स्वतन्त्र स्वयत्तताको अधिकतम उपयोग गरी संस्थाको मानव स्रोत, आर्थिक स्रोत, स्थानीय कञ्चा पदार्थ, आवश्यकीय विज्ञान र प्रविधि, मेसिनरीको प्रयोग गर्दै आर्थिक, साँस्कृतिक, सामाजिक र भौतिक विकासमा निरन्तर लागिरहेकाले केही हदसम्म सफल छ । तर, सफलताका लागि इमान्दारी, पारदर्शी, सिर्जनशील, समायोजनकारी भूमिका अभावले संस्थाको अल्पकालीन तथा दीर्घकालीन कार्यनीति र रणनीति निर्माण अभावले निर्माण भएका योजनाअनुसार सिर्जनशील नभएर तत्परता नदेखाएर जति उद्देश्यले उचाइ हुनुपर्ने हो त्यो भने भएको छैन । संस्थाका उद्देश्य पूरा गर्ने लक्ष्य छन् ।

**के संस्था सदस्य केन्द्रित छ ?**

- अवश्य ! म आफू पनि यो अन्नपूर्ण दुग्ध उत्पादक सहकारी संस्थाको ६५ औं नम्बरको सेयर सदस्य हुँ । हाल म ३६औं साधारण सभाले चारवर्षे कार्यकालका लागि निर्वाचित भएको छु । तर, म अध्यक्ष वा जोसुकैमा निर्वाचित भए पनि यो अध्यक्ष पदभन्दा सेयर सदस्य पद ठूलो लाग्छ । किनकि एउटा सहकारीको शक्ति पृथकीकरण गर्ने हो भने साधारणसभा सर्वोच्च निकायले जुन सेयर सदस्यहरूको फैसला गर्ने स्थान हो, त्यसपछि कार्यसमिति, कार्यसमिति पछि पदाधिकारी हुन्छ । यो तरिकाले पनि कार्यसमितिका पदाधिकारीले जवाफदेहिता सञ्चालक समिति र अन्त्यमा साधारण सभाले अनुमोदन गर्ने पर्ने कतिपय कुरा हुन्छन् अनि सदस्य केन्द्रित संस्थाका उद्देश्य, कार्यक्रम यदि नभएमा कार्यसमिति, लेखा समिति तथा पदाधिकारी हुन सक्दैन । जुनसुकै संस्थामा पनि उद्देश्यले निर्धारण गरेको सदस्यहरूप्रति अन्तिम जवाफदेहिता नै प्रधान विषय हो ।

**वर्तमानका जटिलताबारे केही बताइदिनुस् न ।**

- वर्तमान अवस्था कोरोना भाइरसको महामारीले विश्वलाई थिलथिलो पारेको छ । एउटा सूक्ष्म जीवाणुले विश्वलाई कब्जा गरी अधिपत्य चलाउन खोज्ने महाशक्ति राष्ट्रदेखि विकासोन्मुख राष्ट्रसम्मका सरकार र जनताको जीवनरक्षाका लागि लकडाउन, निषेधाज्ञा, एकान्तबासका विधिले तैपनि बाँच्न र बचाउन सकिन्छ कि भनेर सास दबाएर, भोकभोकै भए पनि मानिस घरभित्रै बस्ने प्रयत्न गरेका छन् तर करोडौं मजदुर दुई हात मुख जोड्ने र श्रम गुमेकोमा विश्व भीखमगाहरूमा परिणत भएका छन् । विश्वभरिको एवं नेपालको व्यापार, व्यवसाय, उद्योगधन्दा, कलकारखाना, यातायात, रेष्टुरेन्ट, होटल, आन्तरिक तथा बाह्य उडान ठप्प छन् । अर्थतन्त्र लगभग ०७६ चैत ११ बाट ०७७ भदौ २४ सम्म हिसाब गर्दा ध्वस्त अवस्थामा पुगेको छ । कोभिड १९ को जीवाणुले १,२,३ ....को संक्रमण गर्दै आजको मितिसम्म विश्वभर २,७५,१७,४७६ जना संक्रमित भएका छन् भने संक्रमितमध्ये १,९६,१०,७५७ जना निको भएर घर फर्केका र ८,९७,४७६ जनाको मृत्यु भएको छ भने नेपालमा मात्रै ४८,१३८ जना संक्रमित, ३२,९६४ जना निको भएका र ३९६ जनाको मृत्यु भइसकेको छ । सरकारले खाद्य पदार्थ, दूध, फलफूल, तरकारी, औषधि, पशुआहार जस्ता विषयमा रोक र प्रतिबन्ध लगाएको छैन । दूधकै कुरा गर्दा सरकारले उत्पादन सहकारी, उत्पादन कार्यका क्षेत्र औपचारिक रूपमा रोकेको छैन । डेरी उद्योग सञ्चालन गर्नुपर्ने हो तर उपभोक्ताको घरमा ताल्चा लगाएर ज्यान बचाउन एकान्तवास बसे, बस्न लगाइयो, बजार, रेष्टुरेन्ट, होटल बन्द भएर त्यहाँका उपभोक्तासम्म दूध तथा दुग्धजन्य पदार्थ खरिद गर्ने व्यक्ति भएनन् ।

**दुग्ध क्षेत्रमा के-कस्ता समस्या देख्नुहुन्छ ?**

- दुग्ध क्षेत्र भन्नेवित्तिकै मुख्यतया गाई भैंसीपालन व्यवसाय भन्ने बुझिन्छ । दूध उत्पादनका लागि गाई भैंसी मात्र पालेर पुग्दैन । यस क्षेत्रमा गाई भैंसीको उच्च र उन्नत प्रकारको नश्ल व्यवस्थापन, उन्नत नश्लबाट उन्नत बाच्छाबाच्छी, पाडापाडीसँग उन्नत गाई भैंसी उत्पादन हुन्छ । कोरोना एवं लकडाउन अगाडि पनि थुप्रै समस्या थिए र हाल ती समस्या अझ बढी बल्झेर गएका छन् । दूध संकलन हुने त्यसको सुरक्षणका लागि सामान्यतया दूध कन्भर्सनमा लग्यो र उत्पादित उत्पादन भै बजार बिक्रीको समस्या, बिक्री नै नभएपछि कृषकलाई भुक्तानीको समस्या, मिल्क होलीडे बाध्यकारी रूपमा हुँदा दूधको वैकल्पिक प्रयोगका लागि तालिम ज्ञानको अभाव भई अमूल्य दूध बिनाकारण मूल्यहीन बनाई मलखादमा गोबरग्यासमा पोख्नुपर्ने पनि समस्या नै हुन् ।

**समस्या समाधानका लागि संस्थाले कस्ता कदम चालेको छ ?**

- वर्तमान कोभिड १९ कोरोना भाइरसले हाम्रो अन्नपूर्ण दुग्ध उत्पादक सहकारी संस्था लगायत क्षेत्रमा मात्र होइन, विश्व बजारमा नकारात्मक प्रभाव पारिरहेको छ । हाम्रो तर्फबाट दूध बिक्रीको समस्या, मनोबल खस्किएर कार्यक्षेत्र छाड्ने समस्या, दूध संकलनको समस्यालगायतलाई हाम्रो सञ्चालक समितिको बैठक सामाजिक दूरी कायम गर्दै स्वास्थ्य सतर्कता अपनाउने सकेसम्मका र सुझाइएका सुझाव सल्लाह पालना गर्न, संस्थाको गाडी, मोटर, ड्राइभर, कर्मचारी, भाँडाकुँडा, डेरी वरिपरि भाइरस नियन्त्रणका लागी सिफारिस केमिकल स्प्रे गर्ने व्यवस्थापन, दूध ल्याउने कृषकलाई स्यानिटाइजर स्प्रेको व्यवस्थापन, कर्मचारीलाई सामाजिक दूरी कायम गर्दै मास्क र सुरक्षित रही दूध संकलन, बजार व्यवस्थापन र प्रशासनिक व्यवस्थापनका लागि कुनै पनि दिन र छिनमा उच्च मनोबलका साथ एक दिन पनि कार्यक्षेत्र नछाड्न मनोवैज्ञानिक रूपमा हौसला प्रदान गर्दै प्रतिसञ्चालक, लेखा समिति, सम्पूर्ण कर्मचारीलगायत गाडी ड्राइभर समेतलाई  १० लाख रुपैयाँ बराबरको दुर्घटना बिमा गरिएको छ । दूध संकलन गर्दा बिहान बेलुका कृषकलाई कम्तीमा १.५ मिटर दूरी कायम गराई दूध संकलन क्षेत्रमा गोलो घेरा निर्माण गरी पालोमा दूध भर्ने व्यवस्था मिलाइएको छ । संकलित दूधलाई आफ्नै उद्योगबाट अलि बढी बिक्री भएको बेला दैनिक रुटमा बिक्री व्यवस्थापन तथा अलि बढी बजार बन्द हुँदा अल्टरनेटिभ तालिका बनाई बजारमा दूध तथा दुग्धजन्य पदार्थ बिक्री व्यवस्थापन मिलाउँदै बढी भएको दूधलाई डिडिसी तथा स्थानीय डेरी पसललाई बिक्री व्यवस्थापन मिलाइएको छ ।

**सदस्यहरूले आफ्ना सम्पूर्ण आवश्यकता पूरा गर्ने केन्द्रको रूपमा अन्नपूर्णलाई हेर्दा संस्थाले सदस्यबाट गर्ने अपेक्षा के-के छन् ?**

- अन्नपूर्ण सेयर सदस्यहरूको आर्थिक समृद्धिको आधारस्तम्भको रूपमा स्थापित गरिँदै गर्दा, कृषक दाजुभाइ दिदीबहिनीहरूलाई यसले आफ्नो कृषि उत्पादन खरिद गरिदेयोस् बजार, साहु व्यापारीको भन्दा बढी मूल्य दियोस् भन्ने गर्छन् । दूधको क्षेत्रमा प्रतिलिटर रु २ अन्नपूर्णको तर्फबाट रु १ दूध बिक्रेता किसानको तर्फबाट प्रत्येक दूध भुक्तानीमा कटाई कृषक हितकोषमा राख्ने व्यवस्थापन मिलाइएको छ जसलाई कुनै कारणले कृषकले पशुपालन व्यवसाय छाड्नुपरेमा वा ५ वर्ष पुगेपछि उपदान पाउने गरी व्यवस्थापन मिलाइएको छ । व्यावसायिक विकास होस् भनी हरियो घाँसमा आधारित पशुपालनसँगै उत्पादन लागत कम गराउने उद्देश्यले प्रतिकट्ठा रु ५००।- वर्षैभरि घाँस लगाउने कृषकलाई प्रोत्साहन रकम दिने व्यवस्थापन, टाढाबाट ५०० लिटरभन्दा बढी दूध बिक्री गर्न आएमा प्रतिलिटर ५० पैसा ढुवानी खर्च, बोनस तथा जसले दूध बढी बिक्री गर्छ १० हजार, ३० हजारका दूध लिटरका श्रृंखला पार गर्दा थप पुरस्कार स्वरूप नगद प्रदान जस्ता विषय गुणस्तरियता, शुद्धता, सफापन, अनुशासित कृषकलाई सार्वजनिक समारोहमा प्रोत्साहन स्वरूप पुरस्कृत गरी हौसला बढाउने रणनीति पनि संस्थामा अभ्यास भई कृषकलाई सहुलियत दिँदै आएको छ ।

**यो महामारीले कृषि उत्पादनमा केन्द्रित अर्थतन्त्रलाई कस्तो असर पार्ला ?**

- कोभिड १९ को महामारीले कृषि उत्पादनमा केही असर पुऱ्याएको छ । जस्तै रासायनिक मलको अभाव, उन्नत बिउको अभाव र यान्त्रीकरणको समस्या त छँदै छ तर अहिले लकडाउन र निषेधाज्ञामा साथै एकान्तवासको कारण देशभरिका कृषकका छोराछोरी, परिवारजन आफ्नो परिवारमा केन्द्रित भएर बसेकाले बाँझो खेतबारीको पुनः जोतखन गरी खेतीयोग्य जमिनमा कृषि कर्म बढेको पाइएको छ । अन्य क्षेत्र यातायात, होटल, रेष्टुरेष्ट, उद्योगधन्दा भन्दा कृषि तथा पशुपालन क्षेत्र केही राम्रो अवस्थामा छन् । महामारीले कृषि क्षेत्रको अर्थतन्त्रलाई सन्देशका रूपमा अब्बल क्षेत्रको रूपमा रहेको मनोविज्ञानमा परेको छ ।

**संस्थाको भविष्य कस्तो देख्नुहुन्छ ?**

- अन्नपूर्ण दुग्ध उत्पादक सहकारी संस्था एउटा चितवन र राष्ट्रकै लागि नमुनाको रूपमा विकास हुँदै गएको छ । यो राम्रो पक्ष हो तर यसलाई सकारात्मक विकासतर्फ डोऱ्याउन निकै ठुल्ठूला चुनौती आगामी दिनमा आउने नै छन् । ती सबै कुराको सामना गर्न संस्थागत एकता, पारदर्शिता, सक्षमताको विकास, सिर्जनशील नेतृत्व विकास, छिटो छरितो कर्मचारी व्यवस्थापन लगायतमा जोड र ध्यान दिइरहे यसको द्रुत विकाससँगै उज्ज्वल भविष्य हुने र उज्ज्वल भविष्य बनाउन सकिन्छ भन्ने विश्वास व्यक्त गर्दछु ।



## सदस्य परिचय

# नवज्योति महिला बचत तथा ऋण सहकारी संस्था लि.

**१. नाम :** श्री नवज्योति महिला बचत तथा ऋण सहकारी संस्था लि.

**२. ठेगाना :** प्रदेश १, पाँचथर जिल्ला, तेम्वेवागाउँपालिका-३, मौवाबजार, साविक मौवा गाउँ विकास समिति-१

**३. संस्थाको संक्षिप्त परिचय :**

तुम्वेवागाउँपालिका–३ माअवस्थित यसनव ज्योति महिला बचत तथा ऋण सहकारी संस्थाले यस गापाको वडा नं. ३ मा रहेको विशेष गरी आर्थिक रूपमा विपन्न महिला दिदीबहिनीहरूको आर्थिक स्तरलाई माथि उकास्न तथा बेरोजगारलाई स्वरोजगार बनाई कृषि तथा पशुपालन क्षेत्रको वृहत्तर विकास गर्नका लागि स्थापना भएको हो ।

**४. संस्थाको पृष्ठभूमि :**

सदरमुकाम फिदिम, पाँचथरबाट ४५ किमि दक्षिण पश्चिममा रहेको यस नवज्योति महिला बचत तथा ऋण सहकारी संस्था लि. तुम्वेवागाउँपालिका-३ को मौवाबजारमा अवस्थित छ । पाँचथर जिल्लाको सहकारी अभियानमा एक उत्कृष्ट नमुना योगदान र आफ्ना सेयर सदस्यलाई आर्थिक, सामाजिक, सांस्कृतिक तथा भाषिक पक्षको विकासमा विशेष योगदान दिइरहेको यस नवज्योति महिला बचत तथा ऋण सहकारी संस्था लि. स्थानीय सरकार गठन भएपछि सहकारी ऐन २०७४ को अधीनमा रही तुम्वेवा गापा-३ लाई विशेष कर्मथलो बनाई ०७५/०६/२४ गते तुम्वेवा गाउँपालिकाको कार्यालय मौवा, पाँचथरमा दर्ता नं. ०१/०७५/०७६ कायम गरी स्थापना भएको हो । आफ्नो स्थापनाकाल देखि नै संस्थाले आफ्नो कार्यक्षेत्रभित्र रही दैनिक तथा नियमित आर्थिक कारोबारको सहायताबाट सेयर सदस्यहरूलाई विभिन्न व्यावसायिक तथा कृषि क्षेत्रमा लगानी गरी ग्रामीण स्वरोजगारको क्रियाकलाप सिर्जना गरी आफूलाई त्यस क्षेत्रमा रहेको अन्य सहकारी संस्थाको तुलनामा अब्बल सावित गरेको छ ।

**५. संस्था स्थापनाको उद्देश्य :**

मौवा हालको तुम्वेवा गाउँपालिका भैगोलिक हिसाबले अति विकट रहेको र यस क्षेत्रको बासिन्दालाई सामान्य आर्थिक क्रियाकलापमा सहभागी हुनसमेत अति नै समस्या तथा जोखिम मोल्नुपर्ने परिस्थिति रहेको अवस्थामा यस क्षेत्रका बासिन्दालाई विशेष गरी घरभित्रै रहन बाध्य महिला दिदीबहिनीहरूलाई आर्थिक कार्यमा सहभागी गराई नियमित तथा मासिक बचत गर्न प्रेत्साहन गर्ने र त्यस क्षेत्रको सामाजिक, आर्थिक तथा संस्कृतिक पक्षको विकास गराई आपसी सहिष्णुता कायम गरी स्वरोजगारमूलक कार्यमा स्वस्फूर्त सहभागी बनाई आर्थिक जीवरस्तरलाई उकास्नु यस संस्था स्थापनाको मुख्य उद्देश्य रहेको छ ।

साथै, गाउँको पैसा गाउँमै लगानी भन्ने उद्देश्यसहित आयातलाई न्यूनीकरण गरी निर्यात बढाई बाहिरबाट आर्थिक स्रोत संकलन गर्ने र बाह्य वित्तीय संस्थाबाट बाहिरिने रकमसमेत रोक्ने उद्देश्य यस संस्थाको छ ।

**६. संस्थामा आबद्ध सदस्य संख्या :**

स्थापनाको दुईवर्षे अवधिको पूर्वसन्ध्यामा यस संस्थासँग आबद्ध सेयर सदस्य २६५ जना महिला दिदीबहिनीहरू छन् ।

**७. संस्थाको कार्यक्षेत्र :**

हाल यस नवज्योति महिला बचत तथा ऋण सहकारी संस्था लि. तुम्वेवा-३, मौवा बजारमा अवस्थित संस्थाको कार्यक्षत्र तुम्वेवा गापा-३ मा छ ।

**८. लगानीको क्षेत्रहरू :**

यस नवज्योति महिला बचत तथा ऋण सहकारी संस्थाको तपसिल बमोजिमको लगानीको क्षेत्र छ । जसले गर्दा सेयर सदस्यज्यूहरू स्वरोजगार बन्न समेत सक्षम हुनुभएको छ ।

क) कृषि तथा पशुपालन (जस्तो खसी बाखापालन, अदुवा खेती, कुखुरा पालन आदि)

ख) व्यापार व्यवसाय (जस्तो सिलाइ कटाइ, थोक तथा खुद्रा पसल, मिल आदि)

**९ वर्तमान अवस्था :**

**क) भौगोलिक अवस्था :**

पाँचथर पहाडी जिल्ला भएको नाताले यस क्षेत्रका प्रायः ठाउँ ठुल्ठूला पहाडले ढाकेको छ । त्यस्तै, तुम्वेवा गाउँपालिकासमेत पहाडी क्षेत्रले ढाकेको हुँदा यस क्षेत्रका प्रायः स्थान भौगोलिक रूपमा अति विकट छ, त्यसकारण यस क्षेत्रमा सहज यातायातको कठिनाइ छ । साथै, सुगम क्षेत्र सदरमुकामबाट समेत टाढा भएकाले विभिन्न सेवा सुविधाबाट वञ्चित छ भने यस क्षेत्र प्रायःजसो सुख्खा हुने र पानीको समेत अभाव झेल्नुपरेको छ ।

**ख) जनसंख्या :**

यस संस्थाको कार्यक्षेत्र तुम्वेवा-३ भित्र ५१९ घरधुरी र २३७५ जनसंख्याको बसोबास छ ।

**ग) भाषा :**

यस क्षेत्रमा विभिन्न जातजातिको बसोवास रहेकाले यहाँ प्रायः लिम्बू, तामाङ, किरात, मगर तथा नेपाली भाषाको प्रयोग गरिन्छ ।

**घ) धर्म :**

यस संस्थाको कार्यक्षेत्रभित्र बसोबास गर्ने स्थानीय बासिन्दाले ईसाई, किराँत, बौद्ध तथा हिन्दू धर्म मान्ने गर्छन् ।

**ङ) कार्यक्षेत्रभित्र बसोवास गर्ने बासिन्दाको पेसा व्यवसाय :**

यस क्षेत्रका बासिन्दाको मुख्य पेसा कृषि तथा पशुपालन, केहीको ठूला-साना व्यापार व्यवसाय, पर्यटन र स-साना होटल व्यवसाय समेत रहेको छ ।

**१०. संस्था सञ्चालनको रणनीति :**

यस तुम्वेवा गाउँपालिका-३ लाई कार्यक्षेत्र बनाई सञ्चालनमा रही आफ्ना सेयर सदस्यलाई वित्तीय तथा अन्य व्यवसायिक सहायता दिइरहेको यस नवज्योति महिला बचत तथा ऋण सहकारी संस्थाले यस संस्थालाई व्यवस्थित र

व्यवहारिक बनाई सञ्चालन गर्न यस संस्थाले तपसिलका रणनीतिक क्रियाकलाप सञ्चालन गरी संस्थालाई प्रभावकारी बनाई अगाडि बढाइरहेका छौं ।

**तपसिल :**

१ यस क्षेत्रका राजनीतिक दल तथा विज्ञहरूसँग आवश्यक परामर्श तथा सल्लाह र सुझाव लिने ।

२. गाउँपालिकासँग आवश्यक समन्वय तथा सुझाव लिई आवश्यक अनुदान तथा सहायता लिने ।

३. संस्थाको कार्यक्षेत्रभित्र रहेका सेयर सदस्यमध्ये आवश्यकताका आधारमा वित्तीय सहायता दिने ।

४. संस्थाको वार्षिक योजना तथा बजेटसम्बन्धी कार्य पूर्ति गर्न सम्बन्धित क्षेत्रसँग निरन्तर समन्वय गर्ने ।

५. संस्थामा आबद्ध सेयर सदस्यलाई अधिकतम सुविधा दिने र बाह्य वित्तीय संस्थाबाट गाउँको आर्थिक स्रोत बाहिरिने भएकाले त्यस्तो प्रकारले बाहिरिने स्रोतलाई रोक्न विभिन्न आधार खडा गरी गाउँपालिकासँग आवश्यक समन्वय गर्ने ।

***पोखरा शाखा उपत्यका बाहिरको......***

पोखरा शाखामा गत आर्थिक वर्षको अन्त्यसम्म ३ सय २५ वटा संस्था शेयर सदस्य रहेका छन् । सदस्य संस्थाहरुको १३ करोड ८९ लाख ६ हजार शेयर रकम, २ अर्ब ३१ करोड ९१ लाख ३ हजार ४ सय ५१ निक्षेप र ९५ करोड ७८ लाख ९९ हजार ३ सय २२ रुपैया कर्जा लगानी रहेको शाखा प्रमुख घिमिरेले जानकारी दिनुभयो । देशभरका शाखा मध्ये पोखरा शाखा छैठौं स्थानमा रहेको छ । बैंकको ललितपुरस्थित लगनखेल शाखाले सबै भन्दा बढी १४ करोड ९५ लाख ५१ हजार मुनाफा कमाएको छ । काठमाडौंको न्यूरोड शाखाले ९ करोड ६७ लाख ६९ हजार, नयाँ बानेश्वर शाखाले ७ करोड ४० लाख ८ हजार, गोगंवु शाखाले ६ करोड ३६ लाख ५ हजार र ललितपुरको कुपण्डोलस्थित मुख्य शाखा कार्यालयले ५ करोड ३७ लाख ५८ हजार मुनाफा आर्जन गरेको बैंकले जनाएको छ । पोखरा शाखाले आयोजना गरेको समिक्षा वैठकका सहभागीहरुले सहकारी बैंकले दिन प्रतिदिन सदस्यहरुको मन जित्ने काम गरेको बताएका थिए । वित्तीय सूचकांक मात्रै नभएर कोरोना संक्रमण पछि बैंकले आफ्ना सदस्यहरुको समस्याको पहिचान र सदस्यहरुको आवश्यकताका आधारमा सेवा प्रवाहलाई ध्यान दिएको सहभागीहरुले बताएका थिए । बैंकले सदस्य सहकारी संस्थाहरुलाई प्रदान गर्ने वित्तीय तथा गैर वित्तीय सेवाहरुलाई थप प्रभावकारी बनाउनका लागि सदस्यहरुको भावना, आवश्यकता र मुलुकको अवस्थालाई मध्यनजर गरेर अगाडि बढ्नु पर्नेमा सहभागीहरुको जोड थियो । समिक्षा वैठकमा बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक रामबहादुर जिसीले सदस्य सहकारी संस्थाहरुको सल्लाह, सुझाव र सहकार्यका आधारमा सहकारी बैंक अगाडि बढेको बताउनुभयो । सहकारीमार्फत देशको आर्थिक विकास र सामाजिक रुपान्तरणका लागि सहकारी बैंकले आफ्नो सेवालाई प्रविधिमैत्री र सदस्य केन्द्रीत बनाउदै लगेको जिसीको भनाइ थियो । कार्यक्रममा नेफ्स्कुनका निवतर्मान सञ्चालक भीम गुरुङ, जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष रविरमण तिवारी, जिल्ला वचत तथा ऋण सहकारी संघ कास्कीका निवर्तमान अध्यक्ष सुदिप ढकाल, बैकको व्यवसाय प्रवर्द्धन, एकीकरण तथा स्तरीकरण उपसमितिका सदस्य सुरेन्द्रमणी पौडेल, बैंक समन्वय उपसमिति पोखराका सदस्यहरु केदार न्यौपाने, चित्रराज बराल, सुशिल केसी, हरिभक्त पौडेल, पवित्रा केसी लगायतले आ-आफ्नो धारणा राख्नु भएको थियो ।

# अन्तर्राष्ट्रिय कार्यक्रममा बैंकको सहभागिता

ललितपुर,

अन्तर्राष्ट्रिय सहकारी महासंघ (आइसीए) को भर्चुअल साधारणसभामा राष्ट्रिय सहकारी बैंक लिमिटेडले भाद्र १८ गते सहभागिता जनाएको छ, बैंकको तर्फबाट बैंकका अध्यक्ष केवी उप्रेती र प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले भर्चुअल साधारणसभामा सहभागिता जनाउनुभएको छ ।

कोभिड (१९) को कारण यसपटक आइसीएले पहिलो पटक भर्चुअल रूपमा वार्षिक साधारणसभा गर्न लागेको हो । ४:४५ बाट शुरु भई ६:४५ (नेपाली समय) मा सम्पन्न भएको सो साधारणसभामा आइसीएमा आबद्ध सदस्य विश्वका १ सय १० देशका ३ सय १० सहकारी संघसंस्थाले सो सभामा भाग लिएका थिए ।

भर्चुअल साधारणसभा अगावै लेखा परीक्षक नियुक्तिका लागि अनलाइन भोटिङ गर्न सकिने प्रावधान गरिएको थियो भने बाँकी निर्णय कार्यक्रमकै बीच 'राइज ह्याण्ड ओपन' मार्फत् पारित गरिएको थियो । आइसीएले कार्यक्रमलाई व्यवस्थित बनाउन टेष्ट रन कार्यक्रमसमेत आयोजना गरेको थियो ।

नेपालको तर्फवाट आइसीएमा राष्ट्रिय सहकारी बैंकसहित राष्ट्रिय सहकारी महासंघ, नेपाल कृषि सहकारी केन्द्रीय संघ, नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी सदस्य छन् भने राष्ट्रिय सहकारी विकास बोर्ड एसोसियट सदस्य रहेको छ ।

***वार्षिक समीक्षा कार्यक्रम......***

बैंकको लक्ष्य प्राप्तिका लागि सदस्य संघ संस्थाहरुको आवश्यकताका आधारमा सेवा प्रवाह गर्ने, सहकारी संघ संस्थाहरुको संस्थागत विकासका लागि वित्तीय लगायतका सेवाहरुलाई थप प्रभावकारी बनाइने भएको छ । सहकारी अभियानलाई व्यवस्थित र प्रभावकारी रुपमा अगाडि बढाउनका लागि जिल्ला तथा प्रदेश स्तरीय संघहरुको संस्थागत विकासमा समन्वय गर्ने, सहकारी संस्थाहरुको एकीकरणलाई प्रवर्द्धन गर्ने लगायतका कार्यक्रम वैठकले तय गरेको छ । बैंकले प्रदान गरेको कर्जा सदुपयोगिता अनुगमन तथा निरीक्षणलाई व्यवस्थित गर्ने, असल ऋणि कार्ड (ग्रिन कार्ड) वितरण गर्ने, व्यवसाय योजना तयार गरी परामर्श दिने लगायतका काम गर्ने योजना बैंकले बनाएको छ । समिक्षा कार्यक्रमको समापनका क्रममा बैंकका अध्यक्ष के.बी. उप्रेतीले बैंकले दिने सेवा सुविधामा कमि आउन नदिन तथा थप प्रभावकारी बनाउनका लागि वित्तीय तथा सेवाका बारेमा सचेत रहन व्यवस्थापन र शाखा प्रमुखहरुलाई आव्हान गर्नुभयो । बैंकले लिएको लक्ष्य पुरा गर्नका लागि सञ्चालक समितिले नीतिगत निर्णय गर्ने, व्यवस्थापनले योजना निर्माण गर्ने र शाखाहरु मार्फत कार्यान्वयन गरिने प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले बताउनुभयो । समिक्षा वैठकको पहिलो दिन ४४ वटा शाखा प्रमुखहरुले गत आर्थिक वर्षको यथार्थ अवस्था र चालु आर्थिक वर्षको वार्षिक लक्ष्य तथा लक्ष्य प्राप्तिका योजना प्रस्तुत गर्नु भएको थियो । दोस्रो दिन शाखा प्रमुखहरुले प्रस्तुत गरेका योजना तथा कार्यक्रम माथि छलफल गरी वार्षिक लक्ष्य तय गरिएको हो ।



# इन्टरनेट र साइवर सुरक्षा सम्बन्धी भर्चुअल तालिम

ललितपुर




राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा इन्टरनेटमा गर्नुपर्ने सुरक्षित व्यवहार र साइवर सुरक्षासम्बन्धी भर्चुअल तालिम कार्यक्रम भदौ १८ गते सम्पन्न भएको छ, बैंकमा कार्यरत सम्पूर्ण कर्मचारीको सहभागितामा आयोजना गरिएको तालिम कार्यक्रमको शुरूवातमा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले गर्दै प्रविधिको युगमा बैंकका सम्पूर्ण कर्मचारी सुरक्षित रूपमा प्रविधिको प्रयोग गर्दै आफू चनाखो भई हुन सक्ने साइवर जोखिमका घटनामा सजग हुन निर्देशन दिनुभएको थियो ।

बैंकका सूचना प्रविधि सञ्चार तथा प्रकाशन विभागीय प्रमुख नवीनकुमार कार्कीले भर्चुअल तालिम कार्यक्रममा साइवर जोखिम, सोसल इञ्जिनियरिङ, प्रविधिको प्रयोग र सजगतालगायत विषयमा सहजीकरणमा गर्नुभएको थियो ।

बैंकले हाल कर्मचारीसहित सदस्य सहकारी संघ संस्था समेतलाई आवश्यक तालिम तथा शिक्षा भर्चुअल रूपमा प्रदान गरिरहेको बैंकका तालिम विभाग प्रमुख रामबाबु आचार्यले जानकारी दिनुभयो ।

# गण्डकी प्रदेश स्तरीय वार्षिक योजना तथा बजेट तर्जुमा तालिम

ललितपुर,

राष्ट्रिय सहकारी बैंक लिमिटेडले सञ्चालन गरेको गण्डकी प्रदेशस्तरीय २ दिने वार्षिक योजना तथा बजेट तर्जुमा तालिम भाद्र १७ बुधबार सम्पन्न भएको थियो । बैंकको शिक्षा तथा तालिम विभागको आयोजना र गण्डकी प्रदेश अन्तर्गतका शाखाहरूको समन्वयमा तालिम सञ्चालन गरिएको थियो ।

गण्डकी प्रदेशभरका सहकारी संघसंस्थाका प्रवन्धक तथा कर्मचारीका लागि सञ्चालित २ दिने भर्चुअल तालिममा सहकारीहरूको वार्षिक योजना निर्माण र बजेट तर्जुमा विषयमा सहजीकरण गरिएको थियो । सहकारीलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालनका लागि वार्षिक योजना र योजनाअनुसारको बजेट निर्माणका लागि सहयोग पुऱ्याउने उद्देश्यसाथ तालिम आयोजना गरिएको बैंकले जनाएको छ ।

बैंकको रणनीतिक योजनाअनुसार बैंकमा आबद्ध सबै सदस्य संघ संस्थालाई आफ्ना सेवामा सहभागी गराउन पनि तालिम सहयोगी हुने जनाइएको छ । बैंकले वित्तीय सेवाका साथै शिक्षा तथा तालिम, स्तरीकरण, विद्युतीय भुक्तानी, योजना तथा बजेट निर्माणमा सहयोग लगायत सेवा दिँदै आएको छ । तालिम समापनका क्रममा बोल्दै बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक रामबहादुर जिसीले सहकारीहरूलाई संस्थागत रूपमा सक्षम र सदस्य केन्द्रित बनाउन वार्षिक योजना तथा बजेट निर्माण गर्ने तालिम प्रभावकारी हुने धारणा व्यक्त गर्नुभयो । उहाँले योजना बिना सहकारीलाई व्यावसायिक रूपमा अगाडि बढाउन नसकिने भएकाले संस्थाको रणनीतिक योजना निर्माण गरी अगाडि बढ्न सुझावसमेत दिनुभएको थियो । तालिममा बैंकका प्रशिक्षकहरू नवकुमार अधिकारी, सूर्य रिमाल र तालिम अधिकृत नारायण बेलवासेले सहजीकरण गर्नुभएको थियो ।

योजना तथा बजेट निर्माणका लागि आवश्यक पृष्ठभूमि, अघिल्लो वार्षिक योजनाको समीक्षा, वातावरण विश्लेषण,

ध्येय, परिकल्पना, उद्देश्य तथा लक्ष्य, रणनीति निर्धारण, बजेट, वित्तीय संरचना र अनुगमन तथा मूल्यांकन लगायतमा सहजीकरण गरिएको तालिम विभागका अधिकृत मीना शर्माले जानकारी दिनुभयो ।

## केयरमा आवद्ध सहकारीका प्रवन्धकलाई योजना तथा बजेट निर्माण तालिम

ललितपुर,

राष्ट्रिय सहकारी बैंकले सञ्चालनमा ल्याएको सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत 'केयर' कार्यक्रममा आबद्ध संस्थाहरूका लागि भदौ ११ र १२ गते सञ्चालन भएको वार्षिक योजना तथा बजेट निर्माण तालिम सम्पन्न भएको थियो ।

उक्त कार्यक्रममा आबद्ध ५० वटा संस्थाबाट १०० जनाको सहभागिता रहेको कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईंले बैंकको अवस्था र आगामी कार्यदिशाबारे जानकारी गराउँदै कार्यक्रम सुरु भएको थियो । बैंकको स्तरीकरण विभागका विभागीय प्रमुख भरतकुमार चिमोरियाले सो कार्यक्रममा आबद्ध संस्थाहरूको आवश्यकताका आधारमा कार्यक्रम सञ्चालन गरिने बताउनुभएको थियो । कार्यक्रमको समापनमा बैंकका अध्यक्ष केबी उप्रेतीले बैंकले सदस्य संस्थाहरूको स्तरोन्नतिका लागि नै सहकारी स्तरीकरण कार्यक्रम विकास गरी सञ्चालनमा ल्याएको र आगामी दिनमा बैंकले उच्च महत्वसाथ स्तरीकरण कार्यक्रम अगाडि बढाउने जानकारी गराउनुभयो ।

बैंकका वरिष्ठ अधिकृत मीनाकुमारी शर्माले व्यवस्थापन एवं बैंकका अधिकृतद्वय नवकुमार अधिकारी र सूर्यप्रसाद रिमालले तालिमको सहजीकरण गर्नुभएको थियो । नारायण बेल्बासेले तालिम सञ्चालन गर्नुभएको थियो ।

## प्रदेश एकमा वार्षिक योजना तथा बजेट तर्जुमान तालिम

ललितपुर,

राष्ट्रिय सहकारी बैंक लिमिटेडको आयोजनामा प्रदेश १ स्तरीय 'वार्षिक योजना तथा बजेट तर्जुमा' सम्बन्धी दुई दिने भर्चुअल तालिम सम्पन्न भएको छ । भदौ ९ र १० गते सञ्चालन भएको सो तालिम कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईं तथा तालिम विभाग प्रमुख रामबाबु आचार्यको उपस्थिति थियो । साथै, कार्यक्रमको सञ्चालन तालिम अधिकृत नारायण बेल्बासेले गर्नुभएको सो कार्यक्रममा प्रदेश १ का सयभन्दा बढी सहकारी संघ संस्थाको उपस्थिति थियो । कार्यक्रमको सहजीकरण प्रशिक्षक सूर्य रिमाल र नवकुमार अधिकारीले गर्नुभएको थियो । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले बैंकको समग्र गतिविधि र वार्षिक कार्ययोजनाबारे जानकारी गराउनुभएको थियो । कार्यक्रमको व्यवस्थापन बैंकको तालिम विभागका वरिष्ठ अधिकृत मीनाकुमारी शर्माले गर्नुभएको थियो ।

## सहकारी बैंक दमौली शाखाको वार्षिक समिक्षा

दमौली,

राष्ट्रिय सहकारी बैंक लिमिटेड दमौली शाखा तनहुँको वार्षिक समिक्षा वैठक साउन २१ सम्पन्न भएको छ । समिक्षा वैठकका सहभागीहरुले कोरोना संक्रमणका कारण सहकारी क्षेत्रमा देखिएको समस्याका बारेमा राज्य र सहकारी अभियानको स्पष्ट मार्गदर्शन आवश्यक रहेको बताएका छन् । कोभिड-१९ ले सहकारी क्षेत्रको वित्तीय तथा सेवा क्षेत्रमा पारेको प्रभावका बारेमा तथ्यांक संकलन गरी थप क्षति हुन नदिन राज्य र अभियानको सहयोग र समन्वयमा

सहभागीहरुले जोड दिएका हुन् । वित्तीय तथा सेवा क्षेत्रमा काम गर्ने सहकारीहरुलाई परेको समस्यामा सहयोगी भूमिका निर्वाहका लागि तनहुँका सहकारीकर्मीहरुले राज्य र अभियानको ध्यानाकर्षण गराएका छन् ।

सहभागीहरुले आर्थिक वर्ष सकिएसंगै वार्षिक साधारणसभाको समय शुरु भएको र कोरोना संक्रमणका कारण अन्यौलपूर्ण अवस्था सिर्जना भएको भन्दै समयमै साधारणसभाका लागि स्पष्ट निर्देशन आवश्यक रहेको बताएका छन् । कार्यक्रमका सहभागीहरुले जिल्लाको सहकारी अभियानको नेतृत्व गर्ने जिल्ला सहकारी संघ र विषयगत सहकारी संघहरुको क्षमता विकासमा सहकारी बैंक लगायत सरोकारवालाहरुको सहयोग आवश्यक रहेको बताए । कार्यक्रममा राष्ट्रिय सहकारी बैंक दमौली शाखाका प्रमुख उपेन्द्र दाहालले शाखाको समग्र अवस्थाका बारेमा जानकारी गराउनु भएको थियो । दमौली शाखामा गत आर्थिक वर्षको अन्त्यसम्म ६७ करोड ६७ लाख निक्षेप संकलन र १३ करोड ७३ लाख कर्जा लगानी रहेको दाहालले जानकारी दिनुभयो । शाखाको गत आर्थिक वर्षको कारोबारमा कर्जा जोखिम व्यवस्थापनका कारण मुनाफा गर्न नसकिएको उहाँले जानकारी दिनुभयो । सो अवसरमा राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा गण्डकी प्रदेशका संयोजक रामबहादुर जिसीले सहकारी अभियानलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालनका लागि वित्तीय सहयोगका साथै संस्थागत सुशासन सुधारका लागि सहकारी बैंकले सहयोग गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा जिल्ला सहकारी संघ तनहुँका अध्यक्ष श्रीप्रसाद भट्टराई, सचिव मदन पण्डित, जिल्ला वचत तथा ऋण सहकारी संघका अध्यक्ष देवी बहादुर बस्नेत, जिल्ला कृषि सहकारी संघका अध्यक्ष रामजी लौडारी, दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष यज्ञप्रसाद शर्मा, सहकारी बैंक दमौली शाखा समन्वय उपसमितिका सदस्यहरु प्रदिपराज अधिकारी, ऋषि बहादुर बस्नेत, जीवनाथ अर्याल, रामकुमारी केसी लगायतले आ-आफ्नो सुझाव राख्नु भएको थियो । कार्यक्रम राष्ट्रिय सहकारी बैंक दमौली शाखा समन्वय उपसमितिका संयोजक तथा दुग्ध उत्पादक केन्द्रीय सहकारी संघका वरिष्ठ उपाध्यक्ष अमर बहादुर कुँवरको अध्यक्षता र शाखा प्रमुख उपेन्द्र दाहालको सञ्चालनमा सम्पन्न भएको थियो ।

## बागलुङ शाखाको मुनाफा १ करोड २५ लाख



बागलुङ

राष्ट्रिय सहकारी बैंक लिमिटेड बागलुङ शाखाको ०७६/७७ को वार्षिक समीक्षा साउन १८ गते आइतबार सम्पन्न भएको छ ।

बैंकका शाखामध्ये दोस्रो शाखाका रूपमा स्थापित बागलुङ शाखाले गत आर्थिक वर्षको अन्त्यसम्म १ करोड २५ लाख रुपैयाँ मुनाफा आर्जन गर्न सफल भएको थियो ।

साविक धौलागिरि क्षेत्रका २ सय ९३ वटा सहकारी संघसंस्था सेयर सदस्य रहेको बैंकको शाखामा १० करोड १६ लाख सेयर पुँजी, १ अर्ब ४६ करोड निक्षेप र १८ करोड कर्जा लगानी रहेको शाखा प्रमुख युवराज त्रिपाठीले जानकारी दिनुभयो । सहकारी संघसंस्था मात्रै सदस्य रहने र सहकारी ऐनअनुसार सदस्यहरूसँग मात्रै कारोबार गर्ने प्रावधान अनुसार यस क्षेत्रका सबै सहकारीको कारोबार सहकारी बैंकमा ल्याउने योजनासाथ शाखाले काम गरेको शाखा प्रमुख त्रिपाठीले बताउनुभयो ।सहकारी बैंकले आफ्ना सदस्यलाई वित्तीय सेवाका साथै शिक्षा तथा तालिम, सहकारी संघ संस्थाको स्तरीकरण लगायत सहकारी प्रवर्द्धनका विभिन्न क्षेत्रमा काम गर्दै आएको त्रिपाठीले जानकारी दिनुभयो ।

छलफल कार्यक्रमका सहभागीले सहकारी क्षेत्रको प्रवर्द्धनका लागि स्थापित राष्ट्रिय सहकारी बैंकमा सेयर खरिद गर्न, सेयर थप गर्न र सबै कारोबार सहकारी बैंकमै गर्न आह्वान गर्नुभएको थियो । सो अवसरमा बैंकमा १ करोडभन्दा बढी सेयर खरिद गर्ने ४ वटा सहकारी संस्थालाई सम्मान गरिएको थियो ।

राष्ट्रिय सहकारी बैंकमा बागलुङ बहुउद्देश्यीय सहकारी संस्थाले २ करोड ५५ लाख, सिवाइसी बचत तथा ऋण सहकारी संस्थाले २ करोड १० लाख, आदर्श सञ्चार सहकारी संस्थाले १ करोड ५० लाख र प्रगति बहुउद्देश्यीय सहकारी संस्थाले १ करोड रुपैयाँको सेयर खरिद गरेका छन् ।

सहकारी बैंकमा सेयर खरिद गरेर बैंकको प्रवर्द्धनमा सहयोग गरेको भन्दै बागलुङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष अशोकगोविन्द राजभण्डारी, सिवाइसी साकोसको अध्यक्ष चण्डीप्रसाद शर्मा, आदर्श सञ्चार सहकारीका अध्यक्ष हुमाकुमारी जिसी (अञ्जु) र प्रगति बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कृष्णप्रसाद शर्मा (कुमार) लाई राष्ट्रिय सहकारी बैंकका सञ्चालक रामबहादुर जिसी र नेपाल सूचना तथा सञ्चार सहकारी संघका उपाध्यक्ष तथा प्रतिनिधि सभाका सदस्य मनकुमारी केसी जिसीले सम्मान गर्नुभएको थियो ।

सहकारी अभियानलाई व्यवस्थित गर्दै आर्थिक, सामाजिक रूपान्तरणमा योगदान गर्न सबै सहकारीले आफ्नो बैंकमै कारोबार गर्नुपर्नेमा संघीय सांसद मनकुमारी केसीले जोड दिनुभयो । कार्यक्रममा जिल्ला सहकारी संघका अध्यक्ष दीपक गौतम, कृषि सहकारी संघका अध्यक्ष तथा संविधानसभाका सदस्य नरबहादुर थापा, स्वास्थ्य सहकारी संघका अध्यक्ष सीता शर्मा, कोअपरेटिभ म्यानेजर्स क्लब (सिएमसी) बागलुङका अध्यक्ष दीपक राजभण्डारी लगायतले सहकारी बैंकको शाखाले गत वर्ष उत्कृष्ट कारोबार गरेकोमा खुशी व्यक्त गर्दै आगामी दिन थप समन्वय र सहकार्य साथ अगाडि बढ्न सुझाव दिनुभएको थियो ।







प्रतिवेदन


# कोरोना कहर : सहकारी क्षेत्रको सम्भावित कर्जा जोखिम तथा व्यवस्थापन

## विषय प्रवेश (Background of the Study)

चीनको वुहान सहरमा सर्वप्रथम २०१९ नोभेम्बर १७ मा देखा परेर हाल विश्वमा महामारीको रूप लिएको कोरोना भाइरस (कोभिड १९) को प्रभावले गर्दा विश्वका सम्पूर्ण देशको आर्थिक, सामाजिक लगायत क्षेत्रमा प्रतिकूल असर परेको छ । मानवीय स्वास्थ्य संकटको जोखिम न्यूनीकरणका लागि विभिन्न देशले आर्थिक तथा सामाजिक क्रियाकलापमा समेत बन्देज लगाएका छन् । आर्थिक गतिविधिमा संकुचन हुँदा विश्व अर्थतन्त्रमा चुनौती बढ्दो देखिएको छ । अर्थतन्त्रमा तय गरिएका प्राथमिकताहरूको प्राप्तिमा सहज देखिँदैन । यसले गर्दा विश्व समुदायले स्वास्थ्य संकटसँगै आर्थिक संकट पनि सामना गर्नुपर्ने देखिएको छ । कृषि, उद्योग तथा उत्पादन, वित्तीयलगायत अर्थतन्त्रका प्रमुख क्षेत्रको सञ्चालनमा अवरोध देखिँदा विश्वको आर्थिक वृद्धिदरमा संकुचन, बेरोजगारी दरमा वृद्धि, आर्थिक महा-मन्दीको जोखिम, क्षेत्रीय आर्थिक असन्तुलन लगायत समस्या देखिने जोखिम बढेर गएको छ । एसियाली विकास बैंकको प्रक्षेपण अनुसार विश्व अर्थतन्त्रमा कोभिड १९ का कारण ५.८ ट्रिलियन देखि ८.८ ट्रिलियन अमेरिकी डलरको क्षति हुनेछ र यो रकम विश्वको कुल गार्हस्थ उत्पादनको ६.४ देखि ९.७ प्रतिशतले हुन आउँछ (ADB, 2020). अन्तर्राष्ट्रिय मुद्रा कोषको अध्ययन अनुसार सन् २०२० मा विश्व अर्थतन्त्रमा ३ प्रतिशतको ऋणात्मक संकुचन हुनेछ (IMF, 2020). विश्व अर्थतन्त्रमा कोभिड १९ को प्रतिकूल असर परेको अवस्थामा नेपालको अर्थतन्त्र अपवाद रहन सक्दैन । आयातमुखी अर्थतन्त्र भएको हुँदा, बाह्य अर्थतन्त्रको प्रभावलाई रोक्न सकिने अवस्था छैन । नेपालले सम्भावित स्वास्थ्य संकट नियन्त्रणका लागि ०७६ चैत ११ गतेदेखि लागू गरेको बन्दाबन्दीका कारण ९० प्रतिशतभन्दा बढी आर्थिक गतिविधि बन्दप्रायः छन् (Sapkota, 2020). कोभिड १९ को प्रतिकूल प्रभाव नेपालको अर्थतन्त्रको तीन वटै क्षेत्र : कृषि, उत्पादन र सेवामा देखिएको छ । केन्द्रीय तथ्यांक विभागको प्रक्षेपण अनुसार ०७६/७७ मा नेपालको कुल गार्हस्थ उत्पादनको वृद्धिदर २.२८ प्रतिशतमा सीमित रहनेछ (CBS, 2020). विश्व बैंकको प्रक्षेपण अनुसार नेपालको आर्थिक वृद्धिदर १.५ देखि २.८ को बीचमा रहनेछ । यसको प्रमुख कारणमा कोभिड १९ ले गर्दा विप्रेषण आप्रवाहमा आएको कमी, व्यापार र पर्यटनमा भएको संकुचन र सीमा नाकामा भएको असहज परिस्थितिलाई औंल्याइएको छ (World Bank, 2020). नेपालको कृषि चक्रको महत्वपूर्ण समयमा सिर्जना भएको प्रतिकूल अवस्थाका कारण यस वर्षको कृषि उत्पादनमा ह्रास आउने देखिन्छ । उत्पादित कृषि उपज बजारसम्म सहज रूपमा पुऱ्याउन नसकिएको, भण्डार गरेर राख्न पर्याप्त मात्रामा चिस्यान केन्द्रको अभाव र बन्दाबन्दीका कारण प्रशोधन कार्य हुन नसकेको हुँदा किसानले मुनाफा लिन सकेका छैनन् । केन्द्रीय तथ्यांक विभागको प्रक्षेपणअनुसार यस आवमा कृषि क्षेत्रको वृद्धिदर २.५४ प्रतिशत कायम रहने सम्भावना छ (CBS, 2020). वस्तुको मागमा आएको कमी र बन्दाबन्दीका कारण उद्योगधन्दा बन्द हुनुका साथै निर्माण क्षेत्रका कार्यमा प्रतिकूल प्रभाव परेको हुँदा उत्पादन क्षेत्रको वृद्धिदर ३.३६ प्रतिशत कायम हुने केन्द्रीय तथ्यांक विभागको अनुमान छ । पर्यटन क्षेत्रमा कोभिड १९ ले पारेको तहसनहस, यातायात क्षेत्रमा बन्दाबन्दीले परेको असर, आर्थिक गतिविधिमा संकुचन हुँदा व्यापारिक गतिविधिमा आएको कमीका साथै वित्तीय क्षेत्रमा परेको नकारात्मक प्रभावका कारण यस आर्थिक वर्षमा सेवा क्षेत्रको वृद्धिदर जम्मा १.९९ प्रतिशत कायम हुने केन्द्रीय तथ्यांक विभागको प्रक्षेपण छ । बन्दाबन्दीका कारण विश्व श्रमबजारमा आएको मन्दीले गर्दा यस वर्षको विश्वको विप्रेषण आप्रवाहमा २० प्रतिशत र दक्षिण एसियाको विप्रेषण आप्रवाहमा २२ प्रतिशतले कमी आउने विश्व बैंकको प्रक्षेपण छ (World Bank, 2020). यसले नेपाली अर्थतन्त्रमा स्थायित्व कायम गर्नका लागि महत्वपूर्ण योगदान गर्दै आएको विप्रेषण आम्दानीमा असन्तुलन हुने देखिएको छ । विप्रेषण आयमा परेको प्रतिकूल असरले नेपाली अर्थतन्त्रमा वस्तु तथा सेवाको मागमा कमी, वैदेशिक मुद्राको सञ्चितिमा ह्रास, भुक्तानी असन्तुलन, बैंक तथा वित्तीय संस्थामा तरलता र लगानीयोग्य रकमको अभाव, जीवनस्तरमा नकारात्मक प्रभावजस्ता

नेपालको आर्थिक सर्वेक्षण २०१८/१९अनुसार नेपालको सहकारी अभियानमा ३४ हजार ७ सय ३७ सहकारी संघ-संस्थामा आबद्ध ६५ लाख १२ हजार ३ सय ४० सदस्य छन् भने सहकारी क्षेत्रले ६३ हजार ५ सय जनालाई रोजगारी प्रदान गरेको छ (Finance Ministry, 2019). कोभिड १९ र बन्दाबन्दीका कारण सहकारी क्रियाकलापमा प्रतिकूल असर पर्दा आबद्ध सदस्यहरूको आर्थिक तथा सामाजिक क्रियाकलापमा नकारात्मक असर परेको छ । सम्भावित स्वास्थ्य तथा आर्थिक संकटबाट सदस्यलाई पर्न सक्ने प्रभाव न्यूनीकरणका लागि सदस्यलाई गर्नुपर्ने सहयोगको आवश्यकता एकातर्फ छ भने वर्तमान परिस्थितिले गर्दा आइपरेका विभिन्न जोखिम  समाधान गर्दै सेवा प्रवाह गर्नुपर्ने चुनौती अर्को तर्फ छ । सहकारी क्षेत्रमा सहकारीको प्रकृतिअनुसार प्रभाव परेको छ । कृषि उत्पादनमा संलग्न सहकारीहरूले संस्था तथा सदस्यद्वारा उत्पादन गरिएको उपजको बजारीकरण गर्न सकेका छैनन् । वित्तीय कारोबार सञ्चालन गर्ने सहकारी संघ संस्थामा नियमित कार्यालय सञ्चालनमा असहजता, बढ्दो तरलता, कर्जा तथा बजार जोखिम देखिएको छ ।

नेपालको सहकारी क्षेत्रमा वित्तीय कारोबार गर्ने सहकारी संस्थाको संख्या १३ हजार ९ सय १७  छ । यो संख्या सहकारी अभियानमा संलग्न ३४ हजार ७ सय ३७ सहकारी संघसंस्थाको ४० प्रतिशत हुन आउँछ । सहकारी क्षेत्रले ७६ अर्ब ६४ करोड सेयर पुँजी तथा ३४५ अर्ब बचत संकलन गरी ३३२ अर्ब बराबरको कर्जा प्रवाह गरेको छ (Finance Ministry, 2019) नेपालको वित्तीय परिचालनमा सहकारी क्षेत्रले वाणिज्य बैंकभन्दा पछाडि रही योगदान गरेको छ ।




| | 2012/13 | 2013/14 | 2014/15 | 2015/16 | 2016/17 | 2017/18 | 2018/19* |
|---|---|---|---|---|---|---|---|
| शेयर पूंजी | 28823060 | 61186201 | 63059914 | 71357882 | 73178715 | 76094623 | 76640000 |
| बचत | 147069663 | 172529350 | 202420535 | 295727802 | 302164513 | 311228940 | 345590000 |
| कर्जा लगानी | 137084873 | 154631604 | 188078439 | 289825041 | 273710439 | 276447079 | 332710000 |

*Up to Mid-March of FY 2018/19, Value in round figure

चित्र नं. १ सहकारी क्षेत्रको वित्तिय परिचालन

०१२/१३ लाई आधार वर्षको रूपमा विश्लेषण गर्दा सहकारी क्षेत्रमा पछिल्लो ७ वर्षमा सेयर पुँजीमा १६६ प्रतिशत, बचतमा १३५ प्रतिशत र कर्जा लगानीमा १४३ प्रतिशतले वृद्धि भएको छ । यस तथ्यांकले सहकारी क्षेत्रमा वित्तीय परिचालनको दायरा फराकिलो भएको देखाउँछ ।

अर्थतन्त्रमा पर्ने अनपेक्षित प्रभावले गर्दा वित्तीय परिचालनको संरचनालाई खलल पुऱ्याउँछ । यस्तो असर अनुकूल वा

प्रतिकूल जे पनि हुन सक्छ तर यसको निर्धारण मुख्य कारकको आधारमा गर्न सकिन्छ । अहिलेको प्रमुख कारक कोभिड १९ ले नेपालको अर्थतन्त्रमा पार्ने प्रतिकूल प्रभाव हो । यसको असर अल्पकालीन दीर्घकालीन दुवै हुनेछ । मुख्य अर्थतन्त्रमा समस्या देखिएपछि त्यसको प्रत्यक्ष असर सहकारी क्षेत्रको वित्तीय परिचालनमा स्वतः देखिन्छ । आर्थिक गतिविधिमा आएको संकुचनका कारण सहकारी सदस्यहरू दैनिक आर्थिक गतिविधिमा संलग्न हुन पाएका छैनन् । सदस्यको आर्थिक गतिविधिमा अवरोध सिर्जना भएको यस अवस्थामा उनीहरूको अबको वित्तीय आवश्यकता समाधानको विकल्प भनेको सहकारी संस्थामा जम्मा गरेको बचत हो । सदस्यको यस विकल्पले सहकारी संस्थामा बचतको अत्यास लाग्दो फिर्ता (Panic Withdrawal या Saving) को अवस्थालाई निम्त्याउन सक्छ । सहकारी क्षेत्रले गरेको कर्जा लगानीमा पनि जोखिम बढेको छ । कर्जा उपभोग गरेका सदस्यका आर्थिक क्रियाकलाप तथा कर्जा लगानीका प्रायःजसो क्षेत्रमा प्रतिकूल प्रभाव परेका कारण सदस्यले कर्जा उपयोग पूर्व घोषणा गरेका भुक्तानीको आधार असफल हुन सक्ने सम्भावनालाई नकार्न सकिँदैन । कर्जा उपयोगका पूर्वसर्तले महामारी र प्रतिकूल आर्थिक अवस्थालाई गणना नगर्ने हुँदा ऋणीको कर्जा दायित्वमा निरन्तर वृद्धि भइरहने अवस्था छ । यसले संस्थाको कुल कर्जा लगानीलाई नै जोखिममा पारेको छ । तसर्थ, कोभिड १९ ले सहकारी क्षेत्रको वित्तीय परिचालन अन्तर्गतको बचत तथा कर्जा लगानीलाई मुख्यरूपमा असर पार्ने देखिन्छ ।

## समस्याको वयान र अध्ययनको प्रश्न(*Statement of Problem and Research Question)*

सहकारी क्षेत्रले कर्जा लगानीलाई सदस्यको माग र स्थानीय आवश्यकताका आधारमा केन्द्रित गरेका छन् । ऋणी सदस्यका आर्थिक गतिविधिमा अवरोध सिर्जना हुँदा कर्जाको साँवा तथा ब्याज भुक्तानीको दायित्व पूरा गर्न सदस्यलाई व्यावहारिक रूपमा चुनौतीपूर्ण देखिन्छ । कोभिड १९ र बन्दाबन्दीको असरको भार क्षेत्रगत रूपमा फरक रहने अनुमान छ । कोभिड १९ को सबैभन्दा बढी असर परेको खानी तथा उत्खनन, उत्पादन, निर्माण, होटल तथा रेष्टुरेण्ट, यातायत क्षेत्रको वृद्धिदर यस आर्थिक वर्षमा ऋणात्मक रहने अनुमान छ भने अन्य क्षेत्रको वृद्धिदर लक्ष्यभन्दा कम हुने आकलन गरिएको छ (CBS, 2020). यसरी देशको आर्थिक अवस्थाको प्रवृत्तिलाई विश्लेषण गर्दा सहकारी क्षेत्रले गरेको कर्जा लगानीमा जोखिम बढेको अनुमान गर्न सकिन्छ । यस अध्ययनले विद्यमान स्वास्थ्य संकट तथा जारी बन्दाबन्दीको कारणले वित्तीय कारोबार गर्ने सहकारीले गरेको कर्जा लगानीमा जोखिम निम्त्याएको छ/छैन भन्ने प्रश्नको जवाफ दिनेछ ।

### अध्ययनका उद्देश्य(*Research Objectives)*

यस अध्ययनको उद्देश्य नेपालको सहकारी क्षेत्रले गरेको कर्जा लगानीको प्रवृत्तिलाई विश्लेषण गर्नु रहेको छ ।

विशेषतः यस अध्ययनले निम्न उद्देश्य राखेको छ ।

क) कोभिड १९ तथा नेपाल सरकारले लागू गरेको बन्दाबन्दीका कारण वित्तीय कारोबार गर्ने सहकारीले लगानी गरेको कर्जामा पर्न सक्ने असर आकलन गर्ने,

ख) सहकारी संघसंस्थालाई कर्जा जोखिमको प्रतिकूल प्रभावबाट जोगिन सहकारी संस्थालाई आवश्यक सुझाव दिने ।

### अनुसन्धान पद्धति (Research Methodology)

यस अध्ययन वर्णनात्मक (Descriptive)प्रकृतिको छ । मात्रात्मक अध्ययनमा सर्वेक्षणलाई आधार लिइएको छ । यो अध्ययन तथ्यांकको संकलन, विश्लेषण, निचोड र अन्त्यमा उपयुक्त रायसँगै समाप्त भएको छ । ०१८/१९ को आर्थिक

सर्वेक्षणअनुसार नेपालमा रहेका ३४ हजार ७ सय ३७ सहकारी संघसंस्था अध्ययनको कुल जनसंख्याको रूपमा लिइएको छ । Krejcie & Morgan(1970), का आधारमा अध्ययनका का लागि ३८१ नमुना आवश्यक भई वितरण गरिएकामा२९४ नमुनाबाट सही प्रतिक्रिया प्राप्त भएको छ । प्रतिक्रियाको अनुपात ७७ प्रतिशतको हाराहारी हुन आएको छ । नमुना छनोटका लागि असंयोगिक उद्देश्यात्मक नमुना छनोट विधि (Nonrandom purposive sampling method)को प्रयोग गरिएको छ । नमुना वितरण (Sampling distribution)गर्नका लागि गर्दा राष्ट्रिय सहकारी बैंकको प्रदेशगत कर्जा लगानीलाई आधार लिइएको छ । नमुना वितरण पश्चात् नमुना इकाइ छनोट गर्दा वित्तीय कारोबारका आधारमा ठूला सहकारी संघसंस्थालाई लिइएको छ । सहकारीको कर्जा लगानीबारे आवश्यक जानकारी प्रश्नावली मार्फत संकलन गरिएको छ । साथै, अध्ययनमा सहकारी तथा अध्ययनसँग सम्बन्धित विभिन्न प्रकाशित प्रतिवेदन, लेख, रचनामार्फत पनि जानकारी लिइएको छ ।

## परिभाषाहरू (Operational Definitions)

**सहकारीको क्षेत्रगत लगानी** : यस अध्ययनमा सहकारीको क्षेत्रगत लगानी भन्नाले सहकारी संस्थाहरूले आफ्ना सदस्यमार्फत विभिन्न शीर्षकमा गरेको लगानी हो । यस अध्ययनमा लगानीका क्षेत्रलाई निम्नानुसार वर्गीकरण गरिएको छ ।

| लगानीको मुख्य क्षेत्र | क्षेत्रगत लगानीको उप–समुह/ परिभाषा |
|---|---|
| कृषि | १. दैनिक उपभोग्य कृषि उत्पादन २. दैनिक उपभोग्य बाहेकका कृषि उत्पादन ३. दुग्ध उत्पादन ४. माछा,मासु ५. पोल्ट्रि/ह्याचरी व्यवसाय ६. माथिको वितरणमा नपरेका अन्य कृषि क्षेत्र जस्तै कृषि उपकरण, शित भण्डार लगायत |
| उत्पादन | उत्पादन तथा प्रशोधन क्षेत्रको लगानी |
| निर्माण | निर्माण क्षेत्रको लगानी |
| साना तथा मझौला व्यवसाय | १. दैनिक उपभोग्य वस्तु सम्बन्धित व्यवसाय २. दैनिक उपभोग्य बाहेकका वस्तु सम्बन्धित व्यवसाय |
| उपभोग्य कर्जा | सदस्यको छोटो समयको वित्तिय आवश्यकता पुर्ति गर्ने प्रकृतिका लगानी |
| शिक्षा | शिक्षा विषेशगरी बोर्डिंग तथा स्कुलमा गरिएको लगानी |
| पर्यटन | पर्यटन क्षेत्र संग सम्बन्धित लगानी |
| अन्य | माथिको वर्गिकरणमा नपर्ने लगानीका क्षेत्रहरु जस्तै : घरजग्गा लगायत |

*तालिका १ :* सहकारीको क्षेत्रगत लगानी

**ऋणीको आइसीऐ प्रकृति** : ऋणीको आइसीऐ प्रकृति भन्नाले, ऋणीले कर्जा माग गर्दाको बखत सहकारी संस्थामा कर्जा भुक्तान गर्नका लागि आम्दानीको आधारका रूपमा घोषणा गरेको ऋणीको आइसीऐ स्रोतलाई बुझिएको छ । यस अध्ययनमा ऋणीको आइसीऐ प्रकृतिलाई निम्नानुसार वर्गीकरण गरिएको छ ।

| ऋणीको आम्दानीको श्रोत | उप–समुह/ परिभाषा |
|---|---|
| अनौपचारिक क्षेत्रमा काम गर्ने ऋणी | असंगठित क्षेत्रमा काम गर्ने, ज्यालादारी कमाउने ऋणीमा गरिएको लगानी । |
| तलबी ऋणी | संगठित क्षेत्रमा काम गर्ने, नियमित तलब पाउने, आयको स्थायी पहिचान भएका ऋणी |
| विप्रेषणमा आयमा निर्भर ऋणी | अर्न्तराष्ट्रिय विप्रेषणको आयमा निर्भर ऋणी |
| व्यवसायको आयमा निर्भर ऋणी | व्यवसायको आयमा निर्भर भएका ऋणीमा गरीएको लगानी |
| अन्य | माथीको समुह/वर्गिकरणमा नपरेका ऋणीहरु |

*तलिका २ :* ऋणीको आम्दानीको स्रोत

## कर्जाको जोखिमको वर्गीकरण (Risk Classification या Loan Investment)

### क्षेत्रगत लगानीका आधारमा कर्जाको वर्गीकरण

कोभिड १९ को प्रभाव लगानीको क्षेत्रअनुसार फरक छ । आर्थिक क्षेत्रअनुसार सहकारी क्षेत्रको कर्जा लगानीको जोखिमलाई मापन गर्नु न्यायोचित देखिन्छ । यस अध्ययनमा सहकारीको कर्जा पोर्टफोलियोलाई सम्भावित जोखिमका आधारमा ५ समूहमा (१–५) वर्गीकरण गरिएको छ । समूह १ ले कोभिड १९ को न्यून प्रभाव र सम्भावित जोखिमको न्यूनस्तर देखाउँछ भने समूह ५ ले सबैभन्दा असर परेको र उच्च जोखिमको स्तर देखाउँछ । समूह वर्गीकरणका लागि तथ्यांक विभागले यस वर्षका लागि अनुमानित गरेको अर्थतन्त्रको क्षेत्रगत वृद्धिदरलाई प्रमुख आधारको रूपमा लिइएको छ (CBS, 2020).

| क्र. सं. | कर्जा लगानीको क्षेत्र | कर्जा प्रभावित समुह | कर्जाको आवश्यक पुर्नतालिका ( महिनामा) | संभावित सांवा नोक्सान |
|---|---|---|---|---|
| १ | दैनिक उपभोग्य कृषि उत्पादन | १ | - | |
| २ | दैनिक उपभोग्य बाहेकका कृषि उत्पादन | ५ | १२ | *10 % Principal Default* |
| ३ | दुग्ध उत्पादन | २ | ३ | |
| ४ | माछा/मासु जन्य कृषि उत्पादन | २ | ३ | |
| ५ | पोल्ट्री/ह्याचरी व्यवसाय | ३ | ६ | |
| ६ | क ृषि लगानीका अन्य क्षेत्रहरु | २ | ३ | |
| ७ | उत्पादन | ३ | ६ | |
| ८ | निर्माण | ३ | ६ | |
| ९ | साना तथा मझौला व्यवसाय (दैनिक उपभोग्य) | १ | - | |
| १० | साना तथा मझौला व्यवसाय (दैनिक उपभोग्य बाहेक ) | ४ | ९ | |
| ११ | उपभोग्य कर्जा | २ | ३ | |
| १२ | शिक्षा क्षेत्रको लगानी | २ | ३ | |
| १३ | पर्यटन | ५ | १२ | *30 % Principal Default* |
| १४ | यातायात | ४ | ९ | |
| १५ | अन्य (औसतमा मध्यम प्रभाव) | २ | ३ | |

*तालिका ३* .क्षेत्रगत लगानीका आधारमा कर्जाको जोखिम वर्गीकरण

**ऋणीका आधारमा कर्जाको वर्गीकरण**

सदस्यलाई कर्जा लगानी गर्दा सहकारी संस्थाहरूले सदस्यको आयस्रोतलाई आधार मानेर पनि कर्जाको सिमा निर्धारण गरेका हुन्छन् । कोभिड १९ को कारणले गर्दा ऋणी सदस्यको आयमा पनि प्रतिकुल असर परेको अवस्था छ । यस अध्ययनमा सहकारी संस्थाले लगानी गरेको रकमलाई ऋणीको आधारमा वर्गीकरण गरिएको छ । वर्गीकरणलाई ५ समूह ( १-५) मा विभाजन गरिएको छ । समूह १ ले कोभिड १९ को न्युन प्रभाव र संभावित जोखिमको न्युनस्तर देखाउदछ भने समूह ५ ले सबैभन्दा असर परेको र उच्च जोखिमको स्तर देखाँउदछ । समूह वर्गीकरणका लागि अन्तर्राष्ट्रिय श्रम संगठन (ILO, 2020)को प्रतिवेदन र नेपाल राष्ट्र बैंकको वर्तमान आर्थिक स्थिति सम्बन्धि पछिल्लो प्रतिवेदन (NRB, 2020)लाई आधार लिईएको छ ।

| ऋणीको आम्दानीको श्रोत | कर्जा प्रभावित समुह | कर्जाको आवश्यक पुर्नतालिका ( महिनामा) | संभावित साँवा नोक्सान |
|---|---|---|---|
| अनौपचारिक क्षेत्रमा काम गर्ने ऋणी | ५ | १२ | *30% Principal Default* |
| तलबी ऋणी | १ | | |
| विप्रेषणमा आयमा निर्भर ऋणी | ४ | ९ | *20% Principal Default* |
| व्यवसायको आयमा निर्भर ऋणी | ३ | ६ | |
| अन्य (औसतमा) | ३ | ६ | |

*तालिका ४ :* ऋणीको आम्दानीको जोखिमको आधारमा कर्जाको वर्गीकरण

**अध्ययनका सीमा(Limitation of Study)**

यस अध्ययनमा निम्न सिमाहरू कायम गरिएको छ ।

१. यस अध्ययनमा प्रारम्भिक संस्थाहरूलाई मात्र समावेश गरिएको छ । संघ तथा सहकारी बैंक लगायतका थोक कर्जा प्रवाह गर्ने संस्थाले गरेको लगानी प्रारम्भिक संस्थामै जोडिएर आउने भएको हुदाँ दोहोरो गणना हटाउनका लागि अध्ययनमा समावेश गरिएको छैन ।

२. यस अध्ययनमा विश्लेषण गरिएका तथ्याङ्कको विश्वसनियता तथा वैधता प्रारम्भिक सहकारी संस्थाले उपलब्ध गराएको जानकारीको आधारमा निर्धारण गरिएको छ । तथ्याङ्क विश्लेषणको आधार २०७६ चैत्र ११ देखी २०७७ जेष्ठ १ सम्म प्राप्त भएका अर्थतन्त्रमा कोभिड प्रभाव सम्बन्धि, समाचार, सूचना, प्रकाशित मामला अध्ययन, प्रबुद्ध व्याक्तिको विचार तथा प्रक्षेपणलाई लिईएको छ ।

३. यस अध्ययनमा विश्लेषणका लागि प्राप्त भएका तथ्यांक तथा अध्ययनको समय प्रभाव २०७७ जेष्ठ १ गते सम्मको रहेको छ ।

### सहकारीको संस्थाको वित्तीय जानकारी(Financial details of sample cooperatives)

| सहकारी को प्रकृति | संस्थाको संख्या | सदस्य संख्या | बचत | शेयर पूँजी | विभिन्न कोषमा रहेको रकम | कर्जा लगानी |
|---|---|---|---|---|---|---|
| अन्य | 6 | 4,071 | 517,386,591.50 | 141,868,260 | 55998825.10 | 525,669,351.4 |
| उपभोक्ता | 1 | 1,094 | 47,653,966.00 | 5,115,800 | 1230050.50 | 38,190,979 |
| कृषि | 26 | 47,131 | 1,706,328,736.71 | 490,214,100.00 | 330,071,979.92 | 2,999,828,542 |
| बचत तथा ऋण | 186 | 750,112 | 45,251,743,009.55 | 7,286,532,200.00 | 30,961,723,326.80 | 55,612,110,435 |
| बहुउद्धेश्यीय | 75 | 381,067 | 32,369,674,463.70 | 4,220,833,188.00 | 2,472,171,146.08 | 35,642,507,073 |
| जम्मा | **294** | **1,183,475** | **79,892,786,767.46** | **12,144,563,600.00** | **33,821,195,328.40** | **94,818,306,380** |

*तालिका ५* :नमुना सहकारीको वित्तीय जानकारी — श्रोत : राष्ट्रिय सहकारी बैंक सर्वेक्षण २०२०

यस अध्ययनमा समावेश गरिएका २९४ सहकारी संस्थाको, नेपालको कुल सहकारी क्षेत्रको वित्तीय परिचालन मध्ये सेयर पूजीँ तर्फ १६ प्रतिशत, बचत तर्फ २३ प्रतिशत, र कर्जा तर्फ २८ प्रतिशत योगदान रहेको छ ।

### सहकारीको औसत व्याजदर (Average Interest rate of sample cooperatives)

| सहकारी को प्रकृति | बचतमा औसत व्याजदर | कर्जामा औसत व्याजदर |
|---|---|---|
| अन्य | 9.66 | 14.94 |
| उपभोक्ता | 9.63 | 16.00 |
| कृषि | 9.75 | 14.14 |
| बचत तथा ऋण | 9.73 | 14.70 |
| बहुउद्धेश्यीय | 9.98 | 15.06 |
| जम्मा | **9.79** | **14.75** |

*तालिका ६* : सहकारी संस्थाको औसत व्याजदर — श्रोत : राष्ट्रिय सहकारी बैंक सर्वेक्षण २०२०

अध्ययनमा समावेश गरिएका २९४ सहकारी संस्थाको औसतमा निक्षेपको व्याजदर ९.७९ प्रतिशत र कर्जाको औसत व्याजदर १४.७५ प्रतिशत रहेको छ । औसत बचत र कर्जाको स्प्रेडदर ४.९६ प्रतिशत रहेको देखिन्छ ।

### सहकारीको क्षेत्रगत कर्जा लगानीको अवस्था(Sector wise Investment of Sample Cooperatives)



| लगानी का क्षेत्र | लगानी भएको रकम (रु) | प्रतिशत |
|---|---|---|
| उत्पादन | 7,441,887,425 | 7.85 |
| कृषि क्षेत्र | 9,981,597,870 | 10.53 |
| निर्माण | 9,742,815,114 | 10.28 |
| यातायात | 2,004,566,166 | 2.11 |
| साना तथा मझौला व्यबसाय | 35,292,707,321 | 37.22 |
| उपभोग्य कर्जा | 5,336,753,230 | 5.63 |
| शिक्षा | 418,287,310 | 0.44 |
| पर्यटन | 1,799,635,212 | 1.90 |
| अन्य | 22,800,056,732 | 24.05 |
| **जम्मा** | **94,818,306,380** | **100** |

*तालिका ७*: नमुना छनौट भएका सहकारीको क्षेत्रगत लगानी

श्रोत : राष्ट्रिय सहकारी बैंक सर्वेक्षण २०२०

माथिको तालिकामा देखाइएअनुसार सहकारी क्षेत्रले सबैभन्दा धेरै लगानी साना तथा मझौला प्रकृतिका व्यवसायमा गरेका छन् । सहकारी क्षेत्रको दोस्रो लगानीको क्षेत्र अन्य समूह रहेको छ । यस समूहमा घर जग्गा, बैदेशिक रोजगारी, मुद्दति निक्षेपमा लगानी लगायतका कर्जा प्रकृतिहरूमा लगानी भएको सर्वेक्षणको क्रममा देखीएका छन् । कृषि क्षेत्रमा सहकारीको लगानी १०.५३ प्रतिशत देखीएको छ । निर्माण क्षेत्रमा सहकारीको लगानी १०.२८ प्रतिशत रहेको छ । सदस्यका तत्कालिन आवश्यकता पूर्ति गर्ने छोटो किसिमका उपभोग्य कर्जामा लगानी ५.६३ प्रतिशत रहेको छ । उत्पादन तथा प्रशोधन क्षेत्रमा सहकारी क्षेत्रले ७.८५ प्रतिशत लगानी गरेको देखिन्छ । यातायात, शिक्षा, पर्यटन क्षेत्रमा सहकारी क्षेत्रको क्रमश २.११, ०.४४ र १.९० प्रतिशत लगानी रहेको छ ।

**सहकारीको कृषि क्षेत्रमा कर्जा लगानीको अवस्था(Investment in Agriculture Sector by Sample Cooperatives)**

| कृषि क्षेत्रको लगानी | रकम ९रु) | प्रतिशत |
|---|---|---|
| दैनिक उपभोग्य उत्पादन क्षेत्र | 3,945,823,612.00 | 39.53% |
| दैनिक उपभोग्य उत्पादन बाहेकका क्षेत्र | 928,784,567.80 | 9.30% |
| दुग्ध उत्पादन | 946,272,448.10 | 9.48% |
| माछा मासु | 780,029,432.50 | 7.81% |
| पोल्ट्री/ ह्याचारी व्यबसाय | 696,313,330.20 | 6.98% |
| अन्य | 2,684,374,480.00 | 26.89% |
| **जम्मा** | **9,981,597,870** | **100.00%** |

*तालिका ८*:नमुना छनौट भएका सहकारीको कृषिमा लगानी

श्रोत : राष्ट्रिय सहकारी बैंक सर्वेक्षण २०२०

सर्वेक्षणमा सहभागी संस्थाहरूले कृषि क्षेत्रमा गरेको लगानीको ३९.५३ प्रतिशत दैनिक उपभोग्य उत्पादन क्षेत्रमा गरेको पाईएको छ । अन्य क्षेत्रमा सहकारी संस्थाहरूले कुल कृषि लगानीको २६.८९ प्रतिशत लगानी गरेको पाईएको छ । यस अन्य क्षेत्रमा विशेष गरि कृषि उपकरण, शित भण्डार लगायतका क्षेत्रमा लगानी भएको सर्वेक्षणको क्रममा भेटिएको छ । दैनिक उपभोग्य उत्पादन बाहेकका क्षेत्रमा ९.३० प्रतिशत, दुग्ध उत्पादनमा ९.४८ प्रतिशत, माछा तथा मासुजन्य उत्पादनको क्षेत्रमा ७.८१ प्रतिशत र पोल्ट्री/ह्याचरी व्यवसायमा ६.९८ प्रतिशत लगानी भएको सर्वेक्षणमा पाईएको छ ।

**ऋणीको आधारमा कर्जा लगानीको अवस्था(Borrower wise investment by Sample Cooperatives)**

सर्वेक्षणमा समावेश भएका २९४ सहकारी संस्थामध्ये १४९ सहकारी संस्थाले प्रश्नावलीमा ऋणीका आधारमा कर्जा लगानीको जानकारी उपलब्ध गराएका छन् । प्राप्त विवरणअनुसार कर्जा लगानीको अवस्था निम्नानुसार रहेको छ ।

| ऋणीको आम्दानी श्रोतका आधारमा कर्जा लगानी | कर्जा लगानी | प्रतिशत |
|---|---|---|
| अनौपचारिक क्षेत्रमा काम गर्ने ऋणी | 6,365,667,602.87 | 17.49 |
| तलबी ऋणी | 4,143,376,976.61 | 11.38 |
| विप्रेषण आयमा निर्भर ऋणी | 4,131,612,223.92 | 11.35 |
| व्यवसायको आयमा आधारित ऋणी | 16,869,574,745.14 | 46.35 |
| अन्य आयको श्रोतमा गरिएको लगानी | 4,892,595,715.41 | 13.44 |
| जम्मा | 36,402,827,263.95 | 100 |

*तालिका ९*: ऋणीको आयश्रोतका आधारमा कर्जा लगानी                श्रोत : राष्ट्रिय सहकारी बैंक सर्वेक्षण २०२०

सर्वेक्षणमा सहभागी सहकारी संस्थाहरूले व्यवसायको आयमा आधारीत ऋणीमा सबैभन्दा बढि ४६.३५ प्रतिशत लगानी गरेको पाईएको छ । अनौपचारीक क्षेत्रमा काम गर्ने ऋणीमा १७.४९ प्रतिशत लगानी भएको सर्वेक्षणमा देखीएको छ । त्यसैगरी तलबी ऋणीमा ११.३८ प्रतिशत, विप्रेषण आयमा निर्भर ऋणीमा ११.३५ प्रतिशत र अन्य आइसीऐ श्रोतमा १३.४४ प्रतिशत लगानी भएको छ ।

*पोखरा शाखा उपत्यका बाहिरको.....*

सो अवसरमा बैंकमा १ करोड भन्दा बढी शेयर खरिद गर्ने पोखरा शाखा अन्तर्गतका सदस्य सहकारी संस्थाका प्रतिनिधिहरुलाई बैकका सञ्चालक रामबहादुर जिसी र पोखरा शाखा समन्वय उपसमितिका संयोजक मेजर तुलसीप्रसाद गुरुङले सम्मान गर्नु भएको थियो । पोखरा शाखा अन्तर्गतका सदस्य संस्थाहरु प्राइम बहुउद्देश्यीय सहकारी संस्थाले ३ करोड तथा जयलक्ष्मी कृषि सहकारी संस्था., जयगणेश वचत तथा ऋण सहकारी संस्था र पृथ्वी बहुउद्देश्यीय सहकारी संस्थाले १ करोड भन्दा बढी शेयर खरिद गरी बैंकको वित्तीय कारोबारमा सहयोग पुर्‍याएको शाखा प्रमुख घिमिरेले जानकारी दिनुभयो । कार्यक्रम शाखा समन्वय उपसमितिका संयोजक मेजर तुलसीप्रसाद गुरुङको अध्यक्षता र शाखा प्रमुख घिमिरेको सञ्चालनमा सम्पन्न भएको थियो ।

**कोभिड १९ का कारण सहकारी क्षेत्रको कर्जामा संभावित जोखिम(Possible CreditRisk in Sample Cooperatives due to COVID-19 )**

| (क) क्षेत्रगत लगानीको आधारमा कर्जा जोखिमको विवरण | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कर्जा जोखिम समूह | १ | २ | | ३ | | ४ | | ५ | | | जोखिममा रहेको कर्जाको सम्भावित नोक्सानी | |
| कर्जा लगानी क्षेत्र | लगानी रकम (क) | लगानी रकम (ख) | ३ महिनाको ब्याज (ग) | लगानी रकम (घ) | ६ महिनाको ब्याज (ङ) | लगानी रकम (च) | ९ महिनाको ब्याज (छ) | लगानी रकम (ज) | १२ महिनाको ब्याज (झ) | सम्भावित साँवा नोक्सान (ञ) | ब्याज (ग+ङ+छ+झ) | जम्मा (ब्याज + सम्भावित साँवा नोक्सान) |
| दैनिक उपभोग्य कृषि उत्पादन | 3,945,823,611 | | | | | | | | | | | |
| दैनिक उपभोग्य बाहेकका कृषि उत्पादन | | | | | | | | 928,784,567 | 136,995,723 | 92,878,456 | 136,995,723 | 229,874,180 |
| दुग्ध उत्पादन | | 946,272,448 | 34,893,796 | | | | | | | | 34,893,796 | 34,893,796 |
| माछा/मासुजन्य कृषि उत्पादन | | 780,029,432 | 28,763,585 | | | | | | | | 28,763,585 | 28,763,585 |
| पोल्ट्री/ ह्याचरी | | | | 696,313,330 | 51,353,108 | | | | | | 51,353,108 | 51,353,108 |
| कृषिका अन्य क्षेत्रहरू | | 2,684,374,479 | 98,986,308 | | - | | | | | | 98,986,308 | 98,986,308 |
| उत्पादन | | | | 7,441,887,424 | 548,839,197 | | | | | | 548,839,197 | 548,839,197 |
| निर्माण | | | | 9,742,815,114 | 718,532,614 | | | | | | 718,532,614 | 718,532,614 |
| थोक तथा खुद्रा व्यापार (दैनिक उपभोग्य) | 16,063,587,989 | | | | | | | | | | | |
| थोक तथा खुद्रा व्यापार (दैनिक उपभोग्य बाहेक ) | | | | | | 19,229,119,331 | 2,127,221,326 | | | | 2,127,221,326 | 2,127,221,326 |
| उपभोग्य कर्जा | | 5,336,753,229 | 196,792,775 | | | | | | | | 196,792,775 | 196,792,775 |
| शिक्षा क्षेत्रको लगानी | | 418,287,309 | 15,424,344 | | | | | | | | 15,424,344 | 15,424,344 |
| पर्यटन | | | | | | | | 1,799,635,211 | 265,446,193 | 539,890,563 | 265,446,193 | 805,336,757 |
| यातायात | | | | | | | | 2,004,566,165 | 295,673,509 | | 295,673,509 | 295,673,509 |
| अन्य (औसतमा मध्यम प्रभाव) | | 22,800,056,732 | 840,752,092 | | | | | | | | 840,752,092 | 840,752,092 |
| जम्मा | 20,009,411,601 | 32,965,773,632 | 1,215,612,902 | 17,881,015,868 | 1,318,724,920 | 19,229,119,331 | 2,127,221,326 | 4,732,985,945 | 698,115,426 | 632,769,020 | 5,359,674,575 | 5,992,443,596 |
| कुल कर्जा लगानीको आधारमा हुन आउने प्रतिशत | 21% | 35% | | 19% | | 20% | | 5% | | 0.67% | | |

*तालिका १०*: कोभिड १९ का कारणले कर्जा जोखिमको अनुमान श्रोत : राष्टिय सहकारी बैंक सर्वेक्षण २०२०

यस विवरणमा समावेश सहकारी संस्थाको संख्या २९४ रहेको छ । कर्जाको व्याजदर सर्वेक्षणमा सहभागी सहकारी संस्थाको औसत व्याजदर १४.७५ प्रतिशत लाई लिईएको छ । विश्लेषण आधार तालिका ३ मा देखाईएको छ ।



| (ख) ऋणी को आयश्रोतका आधारमा संभावित कर्जा जोखिमको विवरण[२] | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कर्जा जोखिम समूह | १ | ३ | | ४ | | ५ | | |
| आय श्रोत का आधारमा ऋणीको वर्गीकरण | लगानी भएको रकम | लगानी भएको रकम | ६ महिनाको ब्याज | लगानी भएको रकम | ९ महिनाको ब्याज | लगानी भएको रकम | १२ महिनाको ब्याज | संभावित साँवा नोक्सान |
| अनौपचारिक क्षेत्रमा काम गर्ने ऋणी | | | | | | 6,365,667,602 | 938,935,971 | 1,909,700,280 |
| तलबी ऋणी | 4,143,376,976 | | | | | | | |
| विप्रेषणमा आयमा निर्भर ऋणी | | | | 4,131,612,223 | 457,059,602 | | | 826,322,444 |
| व्यवसायको आयमा निर्भर ऋणी | | 16,869,574,745 | 1,244,131,137 | | | | | |
| अन्य (औसतमा) | | 4,892,595,715 | 360,828,934 | | | | | |
| जम्मा | 4,143,376,976 | 21,762,170,460 | 1,604,960,071 | 4,131,612,223 | 457,059,602 | 6,365,667,602 | 938,935,971 | 2,736,022,725 |
| अध्ययनमा समावेश कुल कर्जा लगानीको आधारमा हुन आउने प्रतिशत | 11.38% | 59.79% | | 11.35% | | 17.49% | | 7.52% |

*तालिका ११*: ऋणी को आयश्रोतका आधारमा सम्भावित कर्जा जोखिमको विवरण  स्रोत : राष्ट्रिय सहकारी बैंक सर्वेक्षण २०२०

यस विवरणमा जम्मा १४९ सहकारी संस्थाको रु. ३६.९६ अर्ब कर्जाको आधारमा विश्लेषण गरिएको छ । कर्जाको व्याजदर सर्वेक्षणमा सहभागी सहकारी संस्थाको औसत व्याजदर १४.७५ प्रतिशतलाई लिइएको छ । विश्लेषणमा वर्गीकरणको आधार तालिका ४ मा देखाइएको छ ।

**तालिका १०** अनुसार अध्ययनमा समावेश सहकारी संस्थाहरूले क्षेत्रगत रूपमा लगानी गरेको कुल कर्जामध्ये हालको अवस्थामा २१ प्रतिशत कर्जा मात्र न्यून जोखिमस्तरको समूहमा रहेको देखिन्छ भने बाँकी ७९ प्रतिशत कर्जा विभिन्न स्तरको जोखिम समूहमा परेको देखिन्छ । क्षेत्रगत रूपमा लगानी भएको कर्जामध्ये २१ प्रतिशत कर्जा जोखिम समूह १ ( कर्जा पुनर्तालिका आवश्यक नपर्ने), ३५ प्रतिशतमा जोखिम समूह २ (आवश्यक कर्जा पुनर्तालिका ३ महिना), १९ प्रतिशत जोखिम समूह ३ (आवश्यक कर्जा पुनर्तालिका ६ महिना), २० प्रतिशत जोखिम समूह ४ (आवश्यक कर्जा पुनर्तालिका ९ महिना) र पाँच प्रतिशत कर्जा जोखिम समूह ५ (आवश्यक कर्जा पुनर्तालिका १२ महिना) मा पर्ने देखिन्छ । हालसम्मको असर हेर्दा कोभिड १९ को कारणले गर्दा कुल कर्जा लगानीको ०.६७ प्रतिशत साँवा नै उठ्न नसक्ने गरी जोखिममा परेको देखिन्छ ।

**तालिका ११** अनुसार हालकै अवस्थामा ११.३८ प्रतिशत ऋणी सदस्यले मात्र सहजतासाथ कर्जा भुक्तान गर्न सक्ने अवस्था छ । ५९.७९ प्रतिशत ऋणीलाई कर्जा भुक्तानीको ६ महिनाको सहुलियत आवश्यक पर्ने देखिन्छ भने ११.३५ प्रतिशतलाई ९ महिनाको, र १७.४९ प्रतिशत ऋणीलाई १२ महिनाको भुक्तानी सहुलियत समय आवश्यक पर्ने देखिन्छ । हालसम्मको असरलाई आधार लिँदा, ऋणी सदस्यको आयश्रोतमा भएको प्रतिकूल असर कारणले गर्दा, उपभोग गरेको कर्जा पुनर्भुक्तान हुन नसकी सहुलियत प्रदान गर्नुपरेको खण्डमा सहकारी संस्थाले ७.५२ प्रतिशत कर्जाको साँवामा नोक्सान हुन सक्ने सम्भावना देखिन्छ ।

## निष्कर्ष तथा सुझाव(Conclusion and Recommendations)

### निष्कर्ष

विश्वव्यापी महामारीको रूप लिई फैलिएको कोभिड १९ र सोको सम्भावित जोखिम न्यूनीकरणका लागि नेपाल सरकारले गरेको बन्दाबन्दीका कारण आर्थिक तथा सामाजिक क्रियाकलाप ठप्प हुँदा त्यसको असर नेपालको सहकारी क्षेत्रलाई पनि

परेको छ । नेपालको सहकारी अभियानमा प्रमुख हिस्सा ओगट्ने वित्तीय सहकारीको वित्त परिचालनका गतिविधिमा वर्तमान अवस्थाले प्रतिकूल असर पारेको छ । आर्थिक क्रियाकलापमा आएको संकुचनका कारण वित्तीय सहकारीले परिचालन गरेको करिब ३३२ अर्ब बराबरको कर्जा लगानीमा प्रत्यक्ष्य प्रभाव परी जोखिम बढेको छ । सहकारी संस्थाहरूले परिचालन गरेको कर्जाको क्षेत्रगत रूपमा विश्लेषण गर्दा ७९ प्रतिशत कर्जामा कोभिड १९ को प्रभावको सम्भावना देखिन्छ । यद्यपि, प्रभावस्तर कर्जा लगानी समूहअनुसार फरक फरक छ । सहकारी क्षेत्रले दैनिक उपभोग्य क्षेत्र (कृषि, खाद्यान्न, थोक तथा खुद्रा व्यापार लगायत) २१ प्रतिशत कर्जाको मात्र सहज व्यवस्थापन सम्भव देखिन्छ । ३५ प्रतिशत कर्जा व्यवस्थापनका लागि ३ महिनाको पुनर्तालिका गर्नु आवश्यक छ । यसमा पुनर्तालिका गर्नु आवश्यक रहेका कर्जा क्षेत्रमा दुग्ध उत्पादन, माछा मासु जन्य पशुपालन, कृषिका अन्य क्षेत्रका लगानी जस्तैः कृषि उपकरण, शीत भण्डार लगायत, उपभोग्य कर्जा, शिक्षा क्षेत्रको लगानी र अन्य क्षेत्र (घर जग्गा लगायत)मा गरिएको लगानी रहेको छ । १९ प्रतिशत कर्जालाई ६ महिनाको पुनर्तालिका आवश्यक देखिन्छ । यसमा पुनर्तालिका आवश्यक परेका क्षेत्रमा पोल्ट्री, उत्पादन तथा निर्माण क्षेत्रमा लगानी भएको छ । २० प्रतिशत कर्जालाई ९ महिनाको पुनर्तालिका आवश्यक पर्न सक्छ । यसमा दैनिक उपभोग्य बाहेक थोक तथा खुद्रा क्षेत्रको व्यापारमा गरिएको लगानी रहेको छ । ५ प्रतिशत कर्जालाई १२ महिनाको पुनर्तालिका आवश्यक पर्ने देखिन्छ । यसमा दैनिक उपभोग्य बाहेक कृषि क्षेत्रमा गरिएको लगानी, यातायात क्षेत्रमा गरिएको लगानी र पर्यटन क्षेत्रमा गरिएको लगानी रहेको छ ।

ऋणी सदस्यको आइसीए आधारमा भएको लगानीमा हालको अवस्थामा ११.३८ प्रतिशत ऋणीलाई कर्जा भुक्तानका लागि समयको सहुलियत आवश्यकता नपर्ने देखिन्छ भने अन्य ऋणीलाई ३ महिनादेखि १ वर्षसम्मको भुक्तानी समयको सहुलियत आवश्यक पर्छ । सहुलियत आवश्यक नपर्ने ऋणी तलबी ऋणी छन् भने व्यवसायको आयमा निर्भर ऋणीलाई ३ महिना, विप्रेषणको आयमा निर्भर ऋणीलाई ९ महिना र अनौपचारिक क्षेत्रमा निर्भर ऋणीलाई १२ महिनाको कर्जा समयको सहुलियत आवश्यक देखिन्छ । यद्यपि, विप्रेषणको आयमा निर्भर ऋणीलाई छुट प्रदान गर्दा कार्यरत देश तथा रोजगारीको वर्तमान अवस्थाको आधारमा विश्लेषण गर्नु उपयुक्त हुन्छ ।

**सुझाव**

यस अध्ययनको निष्कर्षको आधारमा विद्यमान परिस्थितिका कारण सिर्जना भएको सहकारी संस्थाको सम्भावित कर्जा जोखिम न्यूनीकरणका लागि निम्न कदम चाल्नु उपयुक्त हुन्छ ।

१. सहकारी संस्थाले लगानी गरेको कर्जाको क्षेत्रगत आधारमा गरेको लगानी, ऋणीको आधारमा गरेको लगानीका आधारमा सम्पूर्ण कर्जाको पुनर्मूल्यांकन गर्ने ।

२. कोभिड १९ ले पारेको प्रभावका आधारमा कर्जाको जोखिम वर्गीकरण गर्ने र सम्भावित कर्जा नोक्सानीले पार्न सक्ने वित्तीय असरको न्यूनीकरणका लागि रणनीति तयार गर्ने ।

३. ऋणी सदस्यलाई कर्जामा सहुलियत प्रदान गर्दा कोभिड १९ को प्रभाव तथा जोखिमको भारका आधारमा सहुलियत प्रदान गर्ने ।

४. सहकारी संस्थाले सदस्य केन्द्रित कारोबार गर्ने हुँदा सदस्यको आयमा परेको प्रभावले कर्जाको जोखिमलाई धेरै हदसम्म प्रभाव पार्ने हुन्छ । यसका लागि संस्थाहरूले प्रत्येक ऋणी सदस्यको आयमा परेको प्रभावलाई मूल्यांकन गर्नु आवश्यक देखिन्छ ।

# अनुसूची १

**Bibliography**

ADB. (2020). *An Updated Assessment of the Economic Impact of COVID 19.* Manila: Asian Development Bank. Retrieved May 20, 2020, from https://www.adb.org/sites/default/files/publication/604206/adb-brief-133-updated-economic-impact-covid-19.pdf

CBS. (2020). *National Accounts of Nepal.* Kathmandu: Central Bureau of Statistics. Retrieved May 20, 2020, from https://cbs.gov.np/national-accounts/

Finance Ministry. (2019). *Economic Survey 2018/19.* Kathmandu: Finance Ministry, Government of Nepal.

ILO. (2020). *COVID-19 Labour Market Impact in Nepal.* Kathmandu: International Labour Organization. Retrieved from https://www.ilo.org/wcmsp5/groups/public/---asia/---ro-bangkok/---ilo-kathmandu/documents/briefingnote/wcms_745439.pdf

IMF. (2020). *MF World Economic Outlook: The Great Lockdown.* Washington: International Monetary Fund. Retrieved from https://www.imf.org/en/Publications/WEO/Issues/2020/04/14/weo-april-2020

Krejcie, R. V., & Morgan, W. D. (1970). Determining Sample Size for Research Activities. *Educational and Psychological Measurement*, 607-610.

NRB. (2020). *Current Macroeconomic and Financial Situation.* Kathmandu: Nepal Rastra Bank. Retrieved from https://www.nrb.org.np/contents/uploads/2020/05/Current-Macroeconomic-and-Financial-Situation-Nepali-Based-on-Nine-Months-Data-of-2076.77.pdf

Sapkota, C. (2020, May 3). Covid-19: Impact and response. Kathmandu, Nepal: The Kathmandu Post. Retrieved May 20, 2020, from https://kathmandupost.com/columns/2020/05/03/covid-19-impact-and-response

World Bank. (2020, April 22). *Press Release*. Retrieved from The World Bank: https://www.worldbank.org/en/news/press-release/2020/04/22/world-bank-predicts-sharpest-decline-of-remittances-in-recent-history

World Bank. (2020). *South Asia Economic Focus.* World Bank.

(यो प्रतिवेदन कोरोना कहरको अवस्थामा चैत्र देखि जेष्ठ पहिलो हप्ता बीचमा अध्ययन गरि तयार गरिएको हो)

# अब्बल बन्दै जनज्योति कृषि सहकारी

जनज्योति कृषि सहकारी संस्था लिमिटेड सहकारी ऐन २०४८ अनुसार कृषि सहकारीअन्तर्गत स्थापना भएको संस्था हो । यो संस्था २०६८ भदौ २५ गते जिल्ला कृषि विकास कार्यालय सप्तरीमा विधिवत् रूपमा दर्ता भई सुरु गरिएको हो । तत्कालीन समयमा यस क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको उपस्थिति न्यून रहँदा स्थानीयहरू वित्तीय सेवाबाट वञ्चित रहेका कारण अधिकांश साहु महाजनले वित्तीय बजारमा कब्जा जमाएको अवस्था थियो । मलेठ, वसबिटी लगायत क्षेत्र स्रोत साधन तथा व्यापारिक दृष्टिले सम्भावनायुक्त क्षेत्र भए पनि बैंक तथा वित्तीय संस्थान हुँदा सम्भावनाहरू उजागर हुन सकिरहेका थिएनन् । कृषिका लागि उर्वर मानिने सप्तरीमा कृषकले मल, खाद, बिउ विजनको अभाव खेपि रहनुपरेको अवस्था थियो । यिनै अवस्थालाई सम्बोधन गर्ने सोचअनुरूप स्थानीय समाजसेवी, बुद्धिजीवी, व्यापारी तथा किसानको अगुवाइमा छलफल गरी सहकारी संस्था स्थापना गर्नुपर्छ भन्ने अवधारणा अनुरूप 'जनज्योति कृषि सहकारी संस्था लिमिटेड' नामकरण गरी संस्था स्थापना भएको हो । सुरुको अवस्थामा २५ जना सेयर सदस्यको २५००००।- सेयर पुँजीबाट, मलेठ, बसबिटी, हरिहरपुर, जमुनीमधेपुरा कार्यक्षेत्र बनाई कारोवार सुरु गरेको हो ।



**सदस्य संख्या** : ३५४० (०७७ वैशाख मसान्त सम्म)
**कार्यक्षेत्र** :सप्तरी जिल्ला

**वर्तमान अवस्था** :

जिल्लाभरि नै कार्यक्षेत्र बनाई सहकारीमा आधारित वित्तीय सेवा, लघुवित्त कार्यक्रम, तथा कृषिप्रवर्द्धन (रासायनिक मल बिक्री तथा सेलर मिलमार्फत धान प्रशोधन), एम्बुलेन्स सेवा तथा रेमिट सेवालगायत कार्यक्रम सञ्चालनसमेत गरी अगाडि बढिरहेको छ ।

**चुनौती तथा समस्या** : कोरोना भाइरस (कोभिड १९) संक्रमणले निम्त्याएको बन्दाबन्दीका कारण संस्थाको कर्जा असुलीमा अवरोध भएको छ । तथापि, यो अवधिमा कर्जा भुक्तानीमा संस्थाले सदस्यलाई १० प्रतिशतसम्म छुट उपलब्ध गराएकाले आंशिक रूपमा ब्याज असुली भइरहेको छ । आगामी दिनमा कोरोना संक्रमणले निम्त्याउने प्रतिकूल अवस्था नै संस्थाका लागि चुनौती एवं मुख्य समस्या रहनेछ । खासगरी लघुवित्त कार्यक्रमतर्फ फिल्डका सम्पूर्ण गतिविधि लामो समय स्थगन गर्नुपर्दा कर्जा लगानी, असुलीमा प्रत्यक्ष प्रभाव पर्न गई कुल व्यवसाय नै संकुचन हुन सक्ने स्थिति रहने कुरा नकार्न सकिने अवस्था छैन ।

**सम्भावना र अभ्यास** : संस्थाले हालैका दिनमा आफ्ना सदस्यलाई लक्ष्य गरी कोरोना भाइरस (कोभिड १९) सम्बन्धी सचेतना, सो सम्बन्धी बिमाको व्यवस्था गरिएको छ । त्यसैगरी, संस्थाले सञ्चालनमा ल्याएको मोबाइल बैंकिङ एप मार्फत घरै बसी आफ्नो खाताबाट रकमान्तर गर्न, कर्जाको भुक्तानी गर्न, रिचार्ज तथा टपअप गर्न सम्मको सुविधा समेत पाएका छन् ।

**भावी कार्यक्रम**: आगामी १० वर्षभित्र संस्थाका सम्पूर्ण सेवा एवं क्रियाकलापलाई पूर्णतया डिजटलाइज गर्ने संस्थाको योजना छ । जस अन्तर्गत सहकारी वित्तीय सेवातर्फ मोबाइल एप्लिकेसन मार्फत खाता खोल्ने फाराम भर्ने, कर्जा माग गर्ने लगायत सुविधा प्रदान गरिनेछ भने लघुवित्त तर्फका सदस्यहरूले केन्द्र बैठकमा गर्ने सम्पूर्ण वित्तीय कारोबार पूर्णतया डिजटलाइज गरी कागजरहित सेवा प्रदान गर्ने योजना छ । यसका अतिरिक्त सदस्य सुरक्षणका सिद्धान्तहरूको पालना सदस्यको गुनासा सुन्ने एवं निराकरण गर्ने संयन्त्रको निर्माण, सदस्य सन्तुष्टि एवं बहिर्गमन सर्वेक्षण, सदस्य सूचना गोपनीयता सम्बन्धी नीति तर्जुमा लगायत थुप्रै नीतिगत एवं प्रक्रियागत कार्यमा संस्थाले सफलता प्राप्त गरिसकेको छ ।